# अन्नपूर्ण गाउँपालिकाको चौधौं गाउँसभामा
# गाउँपालिका अध्यक्ष श्री विष्णु वहादुर के.सी.द्वारा प्रस्तुत
# आर्थिक वर्ष २०८०/०८१ को
# नीति तथा कार्यक्रम

अन्नपूर्ण गाउँपालिका
माछापोखरी, कास्की
८ असार, २०८०

**गाउँपालिका उपाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरू,**

२०७२ असोज ३ गते जारी नेपालको संविधान संगै लागु भएको संघीय शासन प्रणाली अनुसार स्थापित तीन तहको सरकार अन्तर्गत लोकतन्त्रको महत्वपूर्ण र सुन्दर पक्ष आवधिक निर्वाचन अनुरुप स्थानीय तह निर्वाचन २०७९ का माध्यमबाट यस अन्नपूर्ण गाउँपालिकाको दोस्रो कार्यकालका लागि अध्यक्ष पदमा निर्वाचित भै कार्यभार सम्हालेको समेत एक वर्ष पुगिसकेको छ र दोस्रो वर्षमा प्रवेश गर्दै गर्दा आगामी आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महशुस गरेको छु। यस घडीमा सर्वप्रथम राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनीधि मार्फत राज्य सञ्चालन गर्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा भएका जनआन्दोलन एवम् विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, राष्ट्रिय हित एवम् स्वभिमान लोकतन्त्र र जनजिविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनुभएको योगदानको स्मरण गर्न चाहन्छु।

गत वर्ष २०७९ असार ८ गते यस अन्नपूर्ण गाउँपालिकाको बाह्रौँ गाउँसभामा मैले प्रस्तुत गरेको नीति कार्यक्रम मार्फत सुशासन प्रवर्धन, महिला, दलित लगायत पछाडी परेका वर्ग तथा समुदायलाई क्षमता अभिवृद्धि गरी विकासमा मुल प्रवाहीकरण, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण सहित पकेट क्षेत्र विकास, शिक्षा र स्वास्थ्य क्षेत्रमा विपन्न वर्गको पहुँच र सुधार, घर घरमा सिप विकास गरी स्वरोजगार प्रवर्धन, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि, पर्यटन विकासमा जोड दिँदै समृद्ध अन्नपूर्ण गाउँपालिका निर्माण गर्ने प्रतिवद्धता एवम् कार्यदिशा अगाडी सारिएको थियो। जुन हाम्रा चुनावी प्रतिवद्धता समेत हुन्। अन्नपूर्ण गाउँपालिकाको सर्वाङ्गीण विकासका लागी आर्थिक, सामाजिक, सांस्कृतिक विकासका उद्धेश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट खाका निर्धारण गरिएको थियो। नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी तथ्य र तथ्याङ्कमा नतिजा ल्याउने सङ्कल्प गरिएको थियो। यिनै कार्यभार पुरा गर्न अन्नपूर्ण गाउँपालिका एवम् स्थानिय सरकार काम गर्दैछ, नतिजा ल्याउदै छ र अगाडी वढ्दै छ।

संघ तथा प्रदेश सरकारवाट प्राप्त हुने अनुदान कटौती र न्युन आन्तरिक आम्दानीका वावजुद यस अवधिमा महत्वपुर्ण उपलव्धिहरु हासिल भएका छन्। गाउँपालिका कार्यालयवाट प्रवाह गरिने सेवा प्रवाहलाई थप प्रभावकारी वनाईएको छ, भौगोलिक जटिलतालाई ख्याल गरी घुम्ती सेवा प्रणाली विकास गरिएको छ। सेवा केन्द्रहरु विस्तार गरिएको छ भने सुशासनलाई विगतका भन्दा प्रभावकारी वनाई प्रवर्द्धन गरिएको छ। संविधानले दिएका अधिकारहरु प्रयोग गरी विगत एक वर्ष भित्र १७ वटा कानुन तथा कार्यविधीहरु निर्माण भएका छन्। शिक्षा क्षेत्रमा गाउँ शिक्षा समिति र शिक्षा अनुगमन समिति गठन गरी हरेक विद्यालयको वास्तविक अवस्था अध्ययन गर्ने प्रयत्न गरिएको छ। विद्यालय अनुगमनलाई कडाई गरिएको छ। नागरिकको स्वास्थ्य बिमामा गाउँपालिकाको तर्फबाट ५०% अनुदान साथै अति विपन्न नागरिकलाई निःशुल्क स्वास्थ्य बीमाको प्रबन्ध गरी छुटेका नागरिकको न्यूनतम स्वास्थ्य उपचारको ग्यारेन्टी गरिएको छ भने गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल निर्माण सम्पन्न हुने चरणमा छ। पर्यटन सूचना केन्द्र निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। काँडे-भदौरे-सल्यान सडक सहित पालिका भरिका करिब ५ कि.मी. सडक ढलान भएका छन् भने अन्य सडकहरु क्रमशः स्तरोन्नती हुने दिशामा अगाडी बढेका छन्। विभिन्न वडा र टोलहरुमा कृषि पकेट क्षेत्र घोषणा गरी आधुनिक कृषि औजारहरु वितरण गरिएको छ भने उत्तरी भेगका कृषक एवम् पशुपालक जनतालाई मध्यनजर गरी बिरेठाँटीमा कृषि र पशु सेवा केन्द्र स्थापना गरिएको छ। आर्थिक पारदर्शिताका लागि ठूला आयोजनाहरुलाई टेण्डर मार्फत गर्ने गरी अगाडी बढाइएको छ। विगतका वर्षमा १/२ वटा मात्र टेण्डर हुने

गरेकोमा चालु आ.व. मा १३ वटा योजनाहरु टेण्डर मार्फत भएका छन् । लक्षित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि वडा वडामा महिला सञ्जाल गठन गरिएका छन् भने पालिका स्तरमा समेत वडा महिला संजाल गठन गरी महिलाहरुको क्षमता अभिवृद्धि र सीप विकासमा जोड दिइएको छ। विगत एक वर्षका उपलब्धिहरुलाई अन्नपूर्ण दर्पण -१ प्रकाशित गरी सबैका सामु सार्वजनिक समेत गरिएको छ। अन्नपूर्ण गाउँपालिकाको नीति कार्यक्रम कार्यान्वयन गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउनुहुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु।

**गाउँसभा सदस्यज्यूहरु,**

ऐतिहासिक संविधान सभावाट निर्मित नेपालको संविधान २०७२ को कार्यान्वयन गर्दै संघियता संस्थागत गरी हामी विकास र समृद्धि यात्रामा अगाडी वढ्ने चरणमा छौं। विगत एक वर्ष हाम्रो लागी नयाँ जिम्मेवारी भएको हिसावले महत्वपूर्ण सिकाईको अभ्यासको रुपमा रह्यो। यस विचमा हामीले धेरै अनुभव लिने अवसर पाएका छौं भने कमी कमजोरीहरु पनि भएका छन्। अव हामीलाई कमी कमजोरीहरु दोहोर्याउने छुट छैन। विगत वर्षहरुमा निर्माण भएका नीति कार्यक्रम र वजेट कार्यान्वयनको चरणमा देखिएका कमजोरी र समस्याहरुवाट पाठ सिक्दै जन-समुदायको आवश्यकता र चाहना एवम् गाउँपालिकाको उद्देश्य र लक्ष्य अनुसार साथै नेपाल सरकारको वि.स. २०८७ सम्म दिगो विकासका उच्च लक्ष्य हासिल गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नती हुने लक्ष्य लगायत राष्ट्रिय नीति तथा लक्ष्यलाई समेत आधार मान्दै आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तयार पारिएको छ। अन्नपूर्ण गाउँपालिकाको समग्र विकास र समृद्धिको लागी सदैव सकारात्मक सोचका साथ हामीलाई सहयोग, सुझाव तथा पृस्ठपोषण प्रदान गर्नुहुने गाउँपालिका वासी आमावुवा दाजुभाई दिदिवहिनीहरु प्रती हार्दिक आभार व्यक्त गर्दछु ।

अन्नपूर्ण गाउँपालिका समग्र विकासका निम्ती नीति योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणमा सहयोग पुर्याउनुहुने उपाध्यक्ष लगायत निर्वाचित जन- प्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनैतिक, सामाजिक, शैक्षिक, प्रशासनिक क्षेत्रका व्यक्तित्वहरु तथा गाउँपालिकावासी दाजुभाई दिदि वहिनीहरु, विकास योजनाका उपभोक्ता समितिहरु, महिला, युवा, कृषक, जेष्ठ नागरिक, अपाङ्ग, वालवालिका लगायत सम्पूर्ण संजाल र समितिहरु साथै गाउँपालिका भित्र क्रियाशील गैर-सरकारी संस्थाहरु सवैमा हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्न चाहन्छु।

गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विकासका योजनाहरुलाई मार्गदर्शन गर्न र श्रोत साधनहरुको उपयोगमा दिशानिर्देश गर्ने हेतु सहित यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। देशको राष्ट्रिय लक्ष्य पुरा गर्दै समृद्ध अन्नपूर्ण गाउँपालिका वनाउने संकल्प गरेका छौं। यस संकल्प पुरा गर्न हामी ईमान्दार पुर्वक जवाफदेही हुदै स्पस्ट नीति र कार्यक्रम सहित अगाडी वढ्नु पर्ने छ। यद्यपी हाम्रो सामु धेरै चुनौतीहरु छन्। चालु आर्थिक वर्षमा संघ सरकारवाट समानीकरण अनुदानमा गरिएको कटौतीका कारण सम्पन्न भएका कतिपय विकास योजनाहरु दायित्वको रुपमा रहने संभावना छ भने आगामी आर्थिक वर्षका लागि प्राप्त हुने समानिकरण, राजश्व वाडँफाड, विशेष अनुदान लगायत संघ सरकारवाट प्राप्त अनुदान घटेको छ। यस कारण अव हामीले पालिकाको आन्तरिक आम्दानी वढाउदै स्थानीय श्रोतको पहिचान र परिचालन गर्दै जन आकङ्क्षाहरुको सम्वोधन गर्न प्रयत्न गर्नुपर्ने अवस्था छ। विकासका काममा पछाडी परेका वर्ग र समुदायलाई विकासको मुल प्रवाहमा ल्याउने, उत्पादनशील लगानी अभिवृद्धि गरी रोजगारी विस्तार र उत्पादकत्व वृद्धि गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्ने, पर्यटन विकास र विस्तार गर्ने, वन जङ्गल तथा प्राकृतिक सम्पदाहरुको संरक्षण/सम्वर्धन तथा उपयोग गर्दै वातावरणीय सन्तुलनलाई कायम

राख्ने, भौतिक पुर्वाधारको विकासमा लगानी वृद्धि गर्ने, शुसासन प्रवर्द्धन गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउने र सामाजिक विकासलाई संस्थागत गर्दै पालिका वासिहरुमा आफ्नै गाउँ ठाउँमा रही केही गरौं भन्ने भावना विकास गर्दै अपेक्षित विकासको प्रतिफल हासिल गर्ने जिम्मेवारी स्थानीय सरकारको रुपमा हाम्रो सामु रहेका छन् ।

माथि उल्लेखित विषयहरुलाई सम्वोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य र उद्देश्यका साथ जनताबाट प्राप्त भएको जिम्मेवारीलाई इमान्दारिता पूर्वक पूरा गर्न यस पालिकालाई **"कृषि, पर्यटन, उर्जा र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार"** को दीर्घकालीन योजना तय गरी पालिकाको विकासको समग्र योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न सबै पक्षबाट सहयोग र सल्लाह सुझाबको अपेक्षा सहित हार्दिक कृतज्ञता व्यक्त गर्दै पुन : सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि देहाय बमोजिमका क्षेत्रगत नीतिहरु प्रस्तुत गरेको छु ।

## १. आर्थिक विकास

अन्नपूर्ण गाउँपालिकाको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन आर्थिक विकासको नीति कार्यक्रम तथा योजना तर्जुमा गरी स्रोत साधन केन्द्रित वजेट परिचालन गर्नु आजको मुख्य आवश्यकता हो । मानिसको दैनिक उपभोग्य वस्तुहरु वाहिरवाट आयत गर्नुपर्ने, स्थानीय उत्पादनको कमी हुनु, उत्पादन भएका वस्तुको वजारीकरणमा किसानको पहुँच नहुने जस्ता तमाम समस्याहरुले हाम्रो जस्तो ग्रामीण कृषि पेशामा आधारित अर्थतन्त्रमा आर्थिक विकासको लागि थुप्रै चुनौतिहरु देखा परेका छन् । स्थानीय कच्चा पदार्थको उपयोग एबम दक्ष जनशक्तिको अभावमा स्थानीयस्तरका साना, मझौला र ठुला उद्योगहरुको स्थापना गर्न सकिएको छैन ।

अब सहकारी मार्फत कृषकहरुलाई आत्मनिर्भर वनाउदै व्यवसायिकतामा जोड दिन जरुरी छ । स्वाधीन, समुन्नत,समृद्ध तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्दै सामाजिक न्याय सहितको लोक कल्याणकारी राज्य स्थापना गर्ने नेपालको संविधानको लक्ष्यलाई आत्मसाथ गर्दै उत्पादनशील रोजगार उन्मुख, न्यायपूर्ण वितरण, गरिवी न्यूनीकरण गर्दै उच्च आर्थिक वृद्धिदर कायम गरी सामाजिक एवं आर्थिक रुपान्तरण गर्ने उद्धेश्य लिईएको छ । विकासोन्मुख राष्ट्रबाट विकसित राष्ट्र निर्माण गर्न आर्थिक समृद्धिमा लाग्न जरुरी छ । **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गर्दै **समृद्ध अन्नपूर्ण, सुखी अन्नपूर्णबासी** जनता भन्ने अभियानलाई सार्थक बनाउनका लागि श्रम, सीप, प्रविधि र पूँजीको व्यबस्थित परिचालन गर्नुपर्दछ । गरिवी, भोकमरी, असमानता आदिको अन्त्य गरी दिगो विकासको लक्ष्य हासिल गर्नका लागि जल, जमिन, जंगल, जडिबुटी र जनशक्तिको उचित प्रयोग र परिचालन गर्दै कृषि, पशुपालन, पर्यटन, जलविद्युत, व्यापार व्यवसाय मार्फत आर्थिक क्षेत्रको विकासमा मुख्य जोड दिन जरुरी छ । आर्थिक क्षेत्रका विकासका निम्ति निम्न बमोजिमका नीतिहरु अवलम्बन गरिने छ ।

### १.१ कृषि विकास

१) बढ्दै गएको रासायनिक मलको प्रयोगलाई न्युनिकरण गर्दै प्राङ्गारिक मलको प्रयोगमा विस्तार गरी कम्पोस्ट मल, गँड्यौला मल उत्पादन र प्रयोगका माध्यमबाट गुणस्तरीय उत्पादनमा जोड दिइनेछ ।

२) कृषि विज्ञहरुलाई छनौट गरी अन्नपूर्ण गाउँपालिकामा रहेका तरकारी खेती, फलफूल खेती, अन्नबाली र मौरीहरूको अध्ययन अवलोकन गरी पहिचानका आधारमा पकेट क्षेत्र निर्माण गर्ने कार्य प्रारम्भ गरिएको छ। यसलाई सबै वडामा बिस्तार गरिनेछ ।

३) बालीरोग शिबिर मार्फत खाद्यान्न तथा तरकारीबालीमा देखा परेका रोग न्यूनीकरणको लागि घर दैलो अभियान संचालन गरिनेछ।
४) कृषिलाई पर्यटनसंग जोड्ने गरी एग्रो टुरिजमलाई प्राथमिकता दिने नीति लिईनेछ।
५) मसला बाली र औद्योगिक बाली प्रवर्धन कार्यक्रम अघि सारिनेछ।
६) गाउँपालिकामा **एक घर एक करेसाबारी** कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
७) सम्भाव्य क्षेत्रहरुमा औद्योगिक वालीहरुको विकास र प्रवर्द्धन गरिने छ।
८) अन्नपूर्ण गाउँपालिकाको क्षेत्रभित्र कम्तिमा ५ रोपनी र सो भन्दा बढी क्षेत्रफलमा तरकारी तथा फलफूल खेती गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप गाउँपालिकाद्वारा विशेष सहयोग गरिनेछ।
९) अल्लो (चाल्ने सिस्नो) को पूवा धागोबाट बिभिन्न कपडा उत्पादन र गाउँघरमा पाइने सिस्नो प्रशोधन गरी पाउडर बनाई प्याकेजिङ र बिक्री वितरणको प्रबन्ध मिलाइने छ।
१०)कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिको लागि सिंचाई क्षेत्रको आयोजनाहरुलाई प्राथमिकता दिइने छ (साना सिंचाई, कुलो निर्माण एवं मर्मत, थोपा सिँचाई र स्प्रिङ्कल) जस्ता यन्त्रहरुको प्रयोगलाई प्राथमिकता दिइनेछ।
११) बाँदर आतङ्क न्यूनिकरण गर्नका लागि बनजंगलमा फलफूलका बोटहरु रोपिनेछ। सोका लागि अन्य उपायहरुको समेत खोजि गरिने छ।
१२) हिमाली र उच्च भेगहरुमा जडिबुटी, सतुवा, चिराइतो, स्याउ, दाँते ओखर, आरु, नासपती, किवी जस्ता फलफूल बिरुवाहरुको लागि माटो परिक्षण गरि वृहत रुपमा अगाडी बढाइनेछ। साथै सबै वडामा माटो परिक्षण मार्फत कृषकहरुलाई भूगोल योग्य खाद्यान्न तथा नगदे बाली सिफारिस गरिनेछ र सो को पकेट क्षेत्र समेत निर्धारण गरिनेछ।
१३) अन्नपूर्ण गाउँपालिकाको क्षेत्रमा अमिलो जातका फलफूल, पतझर फलफूल बिरुवाको लागि नर्सरी स्थापना गरी अन्नपूर्ण गाउँपालिका भित्र क्षेत्र विस्तार गरिनेछ र अन्य पालिकामा निर्यात गरिनेछ ।
१४) संघ र प्रदेश सरकारको सहकार्यमा कृषि जन्य उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिईनेछ। उत्पादनमा आधारित अनुदानलाई जोड दिइनेछ।
१५) स्थानीय लोपोन्मुख रैथाने वालीहरुको संरक्षण र प्रवर्दन गर्दै गाउँपालिका स्तरीय **विउ बैंक**को स्थापनामा जोड दिइनेछ।
१६) कृषि बिमालाई प्रोत्साहित गरिनेछ।
१७) पालिकालाई कोदो, फापर, उवा, लट्टे जस्ता लोपोन्मुख बालीहरुमा आत्मनिर्भर बनाउँदै रैथाने बालीका रुपमा संरक्षण र सम्बर्धन गर्न अनुगमन गरी उचित अनुदानको व्यवस्था गरिनेछ।
१८) अन्नपूर्ण गाउँपालिका भित्र पर्ने मध्य पहाडी लोकमार्गमा रहेका होटल तथा रेष्टुरेण्टमा रैथाने बालीको परिकार मेनुमा राख्न प्रेरित गरिनेछ।
१९) वैदेशिक रोजगारबाट फर्केका र कृषि क्षेत्रमा लगानी गर्न चाहने युवाहरुलाई छनौट गरी उचित अनुदानको व्यवस्था गरिनेछ।
२०) अनुदानका कार्यक्रमहरुमा अन्नपूर्ण गाउँपालिका भित्र दर्ता भएका कृषि फर्म, कृषि समुह र कृषि सहकारीहरुलाई प्राथमिकता दिइनेछ।
२१) प्रत्येक वडामा कृषि समुह गठन गरी गाउँपालिका स्तरीय **कृषि सञ्जाल गठन** गरी सञ्जाल मार्फत कृषि सम्बन्धी कार्यक्रमहरु अगाडि वढाईनेछ।
२२) भू उपयोग नीति बनाई जग्गाको वर्गिकरण गरी लागु गरिनेछ।
२३) खाली रहेको बाझो जमीनको उपयोग गर्ने नीति लिइनेछ।

२४) युवाहरुलाइ कृषिमा आकर्षित गर्न हरेक वडामा कम्तीमा पनि १/१ वटा कृषि वा पशुपन्छीको क्लष्टर पर्ने गरी युवा लक्षित कार्यक्रम सन्चालन गरिनेछ। युवा लक्षित कार्यक्रमलाइ यत्रतत्र छरेर नभई क्लष्टरको रुपमा सन्चालन गर्न आवश्यक युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधी तयार गरी सोही अनुसार कार्यक्रम सन्चालन गरिनेछ।

२५) एग्रो टुरीजमको विकास गरि अन्नपुर्ण क्षेत्रमा आउने आन्तरीक तथा बाह्य पर्यटकहरुलाइ आफ्नै उत्पादन खुवाउने परिपाटीको विकास र विस्तार गरिनेछ ।

२६) आवश्यकता अनुसार माटो जाँच शिवीर सञ्चालन गरिनेछ।

२७) तेलहन वाली र गहुँ खेतीलाई प्रोत्साहन गरिनेछ।

२८) चिया,कफी,अलैंची र जडिबुटी खेतीलाई प्रोत्साहन गरिनेछ।

२९) अन्नपुर्ण गाउपालीका अन्तर्गत रहेको कृषि अनुसन्धान केन्द्र लुम्लेबाट सन्चालन गरिने बाह्य अनुसन्धानका कार्यक्रमहरु सम्भव भएसम्म अन्नपुर्ण गाउपालीका क्षेत्रमा नै सन्चालन गर्न प्रथामिकता दिन पहल गरीनेछ।

३०) कृषि तथा पशुपन्छी सम्बन्धी तालिमहरुलाइ कृषक पाठशाला मोडलमा सन्चालन गरिनेछ।

३१) कृषि आधुनिकरणलाई अगाडी बढाई एक घर एक टनेल कार्यक्रममा ५०% अनुदान कार्यक्रम क्रमश अगाडी वढाईनेछ।

३२) एक वडा एक मौसमी तथा बैमौसमी विरुवा उत्पादन का लागी आधुनिक नर्सरीका लागी आधुनिक टनेल बनाउने नीति लिइनेछ।

३३) अन्नपूर्ण गाउँपालिकामा कृषि सूचना केन्द्रको स्थापना गर्ने र कृषिसँग सम्बन्धित विभिन्न कार्यक्रमहरुको फारामहरु अनलाइन मार्फत भर्ने व्यवस्था गरिने छ।

३४) अन्नपूर्ण गाउँपालिकाका सबै वडामा आवश्यकताका आधारमा एक/एक चिस्यान केन्द्र स्थापना गरिने नीतिलाई अगाडी बढाइने छ।

३५) आधुनिक कृषि तथा पशुपंक्षि फर्महरूको विकास गर्न आवश्यक सहजीकरण गरिने छ।

३६) गाउँपालिकामा प्राङ्गारिक तथा अर्गानिक कृषि उत्पादनमा जोड दिइ उत्पादित कृषि उपजहरु नगर क्षेत्रमा आपूर्ति समेत गर्ने गरी उचित बजारीकरण गरिनेछ।

३७) गाउँपालिका भित्र कृषि बजार, एकिकृत सेवा केन्द्र, गाउँपालिका स्तरिय कृषि तालिम केन्द्र स्थापना र संचालनको लागि आवश्यक पहल गरिने छ।

३८) संघ तथा प्रदेश सरकारको समन्वयमा कृषिको यान्त्रिकरण, प्रशोधन तथा भण्डारण, कृषि उपज खरिद केन्द्र स्थापना र संचालन गरिनेछ।

३९) गाउँपालिकाको कृषि शाखामा दरबन्दी बमोजिमका दक्ष प्राविधिक कर्मचारी पदपूर्तिको व्यवस्था मिलाइने छ।

४०) प्रधानमन्त्री कृषी आधुनिकरण परियोजना मार्फत पशु तथा कृषि ब्लक निर्माण गर्नका लागि पहल गरिने छ

४१) कफी, चिया, अलैंची जस्ता नगदे बालीको पकेट क्षेत्र निर्धारण गरी ब्यबसायिक उत्पादनको लागि जोड दिईनेछ।

४२) वडा नं. १ कफी र मौरी पकेट क्षेत्र, वडा नं. २ र ३ तरकारी, अलैची र मौरी पकेट क्षेत्र, वडा नं. ४ सुन्तला, कागती, अलैची, चियापत्ती, मौरी र तरकारी पकेट क्षेत्र, वडा नं. ५ सुन्तला, कागती र तरकारी पकेट क्षेत्र, वडा नं. ६ केरा, सुन्तला, कफी र तरकारी पकेट क्षेत्र, वडा नं. ७ सुन्तला, उवा, अलैंची र मौरी पकेट क्षेत्र, वडा नं. ८ र ९ सुन्तला, कुरिलो, अलैची, चियापत्ती र आलु पकेट क्षेत्र, वडा नं. १० सुन्तला, कफी, आलु

र तरकारी पकेट क्षेत्र, वडा नं. ११ चियापत्ती, तितेपाती, आलु, अलैची, लसुन, अदुवा पकेट क्षेत्र को रुपमा बिकास गरिनेछ।

४३)उत्पादित वस्तुको बजार ब्यबस्थापनको लागि आवश्यक पर्ने क्षेत्रमा संकलन केन्द्र स्थापना गरिनेछ।

## १.२ पशुपंक्षी विकास

१) माछा, मासु, दूध र अण्डामा आत्मनिर्भर बनाई उत्पादन, प्रशोधन र विक्री वितरणमा जोड दिइने छ।

२) परम्परागत भेडा, बाख्रा, गाई, भैँसीका घुम्ती गोठ तथा खर्कहरुलाई सुदृढ गर्दै पशुजन्य बस्तु तथा परिकारको प्रशोधन र व्यवसायीकरणमा जोड दिइने छ।

३) बजार क्षेत्रहरुमा आधुनिक र व्यवस्थित पशु वधशालाको निर्माणमा सहयोग गरिने छ।

४) पशुपंक्षी पालनलाई व्यवस्थित बनाउँदै आधुनिक नमुना फर्महरुको विकासमा जोड दिइने छ।

५) पशुपंक्षी बिमालाई प्रोत्साहित गरिनेछ।

६) घुम्ती गोठका पशुहरुको निम्ति आधुनिक घाँस खेती विकासमा जोड दिइनेछ। निश्चित चरण क्षेत्रहरु निर्धारण गरिनेछ र चरण क्षेत्रहरुमा स्थायी प्रकृतिका गोठ टहरा निर्माण कार्य अगाडी बढाउने नीति अवलम्बन गरिने छ।

७) गाउँपालिकालाई आत्मनिर्भर बनाउँदै निर्यात गर्ने उद्धेश्यका साथ व्यवस्थित घाँस नर्सरी स्थापना गर्न सहकारी, कृषक समूह तथा व्यवसायिक किसानहरुलाई आवश्यक सहयोग गर्ने नीति अवलम्बन गरिने छ

८) अन्नपूर्ण गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाउनको लागी व्यवसायिक (कम्तिमा १००० भन्दा माथीका कुखुरा पालक सुचिकृत कृषक) लाई चल्लामा अनुदान उपलब्ध गराईनेछ।

९) दूध उत्पादन सँग सम्बन्धित दुग्ध उत्पादक सहकारीहरुलाई उत्पादन लागत कम गराउने र उत्पादनका आधारमा अनुदान रकम उपलब्ध गराउने तथा दुग्ध चिस्यान केन्द्र स्थापना गर्ने नीति अङ्गिकार गरिने छ।

१०)माछाको भुर्रा उत्पादन केन्द्र स्थापना तथा भुर्रा वितरण गर्ने नीति लिईनेछ।

११)सहकारीको माध्यमबाट दुध विक्रि गर्ने किसानलाई अफसिजन वा वाह्रै महिना दुध व्यवसाय गर्ने किसान पहिचान गरी प्रति लिटरको आधारमा प्रोत्साहन स्वरुप सहकारी मार्फत नगद अनुदान उपलब्ध गराइने छ

१२)**"एक कृषक एक दुहुनो गाई/भैसी"** कार्यक्रम अभियानका रूपमा सञ्चालन गरी दुधलाई आफ्नो दैनिक आयआर्जनको माध्यम बनाउदै दुध उत्पादनमा सहकारीताको विकास गरी पशुपालक कृषक समूहलाई गोठ निर्माण, तथा भकारो सुधार कार्यका लागि अनुदान उपलब्ध गराइने छ।

१३)घर पालुवा जनावर कुकुरहरुमा विशेष पहिचान भएको स्वर र सुरक्षाका दृष्टिले समेत अब्बल **"भोटे"** प्रजातिको कुकुर यस गाउँपालिकाको उपल्लो भेगहरुमा पाइने भएकोले सो को लगत अद्यावधिक गर्ने, संरक्षण गर्ने र कुकुरको छाउराहरु उत्पादन गरी बिक्री वितरण गरी आयआर्जन गर्ने तर्फ उत्प्रेरणा अभिवृद्धि गर्ने नीति अबलम्बन गरिने छ।

१४)व्यवसायिक पशुपालन, पशु बिमा, गोठ तथा भकारो सुधार उन्नत नश्लका गाई, भैंसी तथा बाच्छा-बाच्छी, पाडा- पाडी हुर्काउने कृषकहरुलाई प्रोत्साहन गर्ने, दुध र मासुको उत्पादन वृद्धि गर्न "पार्कोटे" र "लिमे" जस्ता रैथाने जातका भैसी पालन कार्यक्रमलाई प्रथामिकता दिइने छ। प्रथामिक पशु उपचार सेवालाई निरन्तरता दिइने छ।

१५)व्यवसायिक पशुपालनमार्फत रोजगार सृजना गरी युवाहरुलाई गाउँभित्रै स्वरोजगार बनाउनको लागि प्रतिस्पर्धी अनुदान उपलब्ध गराई युवा लक्षित पशुपालन कार्यक्रम सञ्चालन गरिने छ।

१६)पशुपालक कृषकहरुमा सिप हस्तान्तरणद्वारा आधुनिक पशुपालन पद्धतिको विकास गर्दै लैजाने कार्यमा जोड दिई कृषक समूह, समिति, सहकारी, गैह्र सहकारी संस्था र गाउँपालिका बीच साझेदारीका साथ विशेष कार्यक्रम सञ्चालन गरिने छ।

१७)व्यवसायिक किसानलाई सुचिकृत गरी पाडी, बाच्छी उत्पादनलाई बढावा गर्न पाडी, बाच्छी प्रोत्साहन अनुदान कार्यक्रमलाई अगाडी बढाइने छ।

१८)दुध उत्पादक सहकारीहरुको क्षेत्र विस्तार गरी दुध उत्पादक सहकारीहरुलाई करीव वार्षिक ५ लाख लिटर भन्दा बढी उत्पादक सहकारी संस्थालाई प्रोत्साहन गरिनेछ।

१९)अन्नपूर्ण गाउँपालिकाका अनुत्पादक तथा पाडा बाच्छा, पाडी, साथै छाडा पशु व्यवस्थापनमा जोड दिईनेछ।

२०)व्यवसायिक पशुपालकलाई उत्प्रेरित गर्न विभिन्न तालिम तथा प्रोत्साहनका साथ दलित, जनजाति, महिला तथा विपन्न वर्गमा विशेष प्राथमिकता दिई पशु विकास कार्यक्रम सञ्चालन गरिने छ।

२१)पशुपंक्षी पालनमा दिने अनुदान तथा सहयोग कार्यक्रमलाई एक निश्चित मापदण्डका आधारमा दुध, अण्डा र मासु उत्पादनमा आत्मनिर्भरताका साथ निर्यात गरी आय आर्जनमा वृद्धि गरिने गरि उत्पादनका आधारमा अनुदान कार्यलाई प्रोत्साहित गरिने छ।

२२)माछापालन व्यवसायलाई विस्तार तथा वृद्धि गर्न भुर्रा वितरण तथा पोखरी निर्माण गर्न जोड दिनुका साथै मत्स्यपालन क्षेत्रमा कृषकहरुको आकर्षण अभिवृद्धि गरिने छ।

२३)अन्नपूर्ण गाउँपालिकाको वडा नं. १,२ र ३ दुग्ध र वाख्रा पकेट क्षेत्र, वडा नं. ४ भेडा, बाख्रा र भैसी पकेट क्षेत्र, वडा नं. ५ र ६ गाई, भैंसी र वाख्रा पकेट क्षेत्र, वडा नं. ७, ८ र ९ भैसी र बाख्रा पकेट क्षेत्र साथै वडा नं. १० र ११ बाख्रा, भैसी, भेडा, चौंरी र कालिज पकेट क्षेत्रको रुपमा बिकास गरिनेछ।

२४)जुनोटिक तथा महामारी किसिमका रोगहरु रोकथाम तथा नियन्त्रण गर्न भ्याक्सिनेशनका साथ पशु खोप कार्यक्रम गाउँपालिका र प्रदेश सरकारसँग सहकार्य गरी विशेष जोड दिई पशुपंक्षीमा लाग्ने विभिन्न रोग तथा परजीवीलाई रोकथाम तथा उपचार गर्नको लागि औषधीको व्यवस्था गरिने छ।

२५)पशु आहारको व्यवस्थापन गर्न उच्चकोटिका घाँसहरुको विउ तथा वेर्ना उत्पादन तथा वितरण गरी पशुपालन व्यवसायलाई प्रवर्द्धन गरिने छ।

२६)पशुपालनका क्षेत्रमा आधुनिक प्रविधिहरु सुधार गर्न **"काम गरेर सिक्छ, देखेर विस्वास गर्छ"** भन्ने नारालाई कार्यान्वयन गर्न व्यवसायिक किसानहरुलाई नमुना पशुपालन फर्महरुको अवलोकन तथा तालिम कार्यक्रमहरु सञ्चालन गरिने छ।

२७)**'दुध उत्पादनको मुख्य आधार कृत्रिम गर्भाधानद्वारा पशुमा नश्ल सुधार'** भन्ने नारालाई अङ्गिकार गर्दै गाई भैँसीको कृत्रिम गर्भाधान सेवा विस्तार गर्दै लगिने छ।

२८)पशु पन्छी बिमाको लागि सहकारीको माध्यमबाट प्रवर्धन गर्ने नीति लिईनेछ।

२९)व्यवसायिक घास खेतिको सम्भाव्यता अध्ययन गरिनेछ।

## १.३. पर्यटन विकास

१) वडा नं. ८ बिरेठांटीमा निर्माण भएको पर्यटक सूचना केन्द्र भवन मार्फत पर्यटकहरुलाई सम्पूर्ण पर्यटकीय जानकारी प्रदान गरिनेछ । गाउँपालिकाको समग्र पर्यटन क्षेत्रको जानकारी दिने गरी एकीकृत पर्यटन पोर्टललाई उक्त केन्द्रसंग आबद्ध गरिनेछ। साथै उक्त केन्द्रको दिगो ब्यबस्थापन र संचालनको लागि नेपाल पर्यटन बोर्ड, एक्याप लगायतका सरोकारवालासंग आवश्यक सहकार्य गरिनेछ । साथै उक्त केन्द्रलाई पर्यटन लाइब्रेरी, सिप मुलक तालिम एबम रिसर्च सेन्टरको रुपमा बिकास गरिनेछ।

२) भूमे स्थान पार्क, तारे पहरो, ढिकुरपोखरी, घन्टी पोखरी, धारापानी शिवालय, पञ्चासे, शितलगुफा, मणिको डिल सिद्ध थान, थाप्ले भुमेको थान, पौंदुरकोट भूमे थान, कान्छी बराह, क्युप्चे बराह, जल बराह, मेश्रम बराह, थमडांडा, मर्दी हिमाल बेस क्याम्प, अष्ट्रेलियन क्याम्प(ठूला खर्क), भुर्लिम डांडा, मेश्रम ताल, मादले छहरा, महा अन्नपूर्ण, सांग्लाले बाँधेको ढुंगा, कांढे बराह, पोंरे ताल बराह, तौंजी बराह तातोपानी, भलांचे पार्क, १०८ धारा पोंचेनिम बराह, कुल बराह, हिडन लेक लगायतका धार्मिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरुको विकासका लागि आवश्यक गुरुयोजना तयार गरिनेछ।

३) पर्यटन विकासलाई गाउँपालिकाको आर्थिक विकासको आधार मानि आन्तरिक तथा बाह्य पर्यटक आगमन बढाउन तथा उनिहरुको बसाई अवधि लम्ब्याउनको लागि प्रचार–प्रसार र पर्यटन प्रवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

४) संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी पर्यटकहरुको बृद्धिका लागि प्रचार प्रसारमा जोड दिइनेछ

५) बोटिङ, कायकिङ, क्यानोईङ, जीप लाइन, रक क्लाइम्बिङ, प्याराग्लाईडिङ जस्ता साहसिक खेलको विकास र प्रवर्धनमा जोड दिइनेछ।

६) कृषि तथा पर्या पर्यटन (Eco Tourism) विकासमा जोड दिइनेछ । परम्परागत मह शिकार (Honey Hunting) लाई पर्यटनसँग जोड्ने नीति अवलम्वन गरिनेछ।

७) गाउँपालिका क्षेत्रभित्र सञ्चालित होमस्टे (घरबास) हरुको प्रवर्धन तथा नयाँ स्थानहरुमा होमस्टे सञ्चालन गर्नका लागि प्रोत्साहन गरिने छ।

८) गन्तव्य स्थलको पहिचान र पूर्वाधार विकास सहित एकीकृत पर्यटन पूर्वाधार विकास तथा पर्यटन प्रवर्धन योजना तयार गरि क्रमशः कार्यान्वयन गर्दै लगिने छ।

९) स्थानीय कला संस्कृति र चाडपर्वको मौलिकता कायम राख्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

१०)गाउँपालिका क्षेत्र भित्र नयाँ पर्यटकीय पदमार्गहरुको पहिचान र निर्माण गरिनेछ।

११)जैविक पार्क निर्माणको लागि सम्भाव्य स्थानहरुको पहिचान र सम्भाव्यता अध्ययन गरिनेछ।

१२)विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य अन्नपूर्ण आधार शिविर क्षेत्रभित्र अनावश्यक गतिविधिहरु गर्न रोक लगाई त्यसको मौलिकता र सुन्दरता कायम राख्नका लागि जोड दिइने छ।

१३)पर्यटन पदमार्गलाई विकास गरिनेछ। सडक पूर्वाधार निर्माण भएका स्थानमा समेत पदमार्गको बैकल्पिक ब्यबस्था गर्ने नीति लिइनेछ।

१४)सबै वडाका जनतालाई पर्यटन ब्यबसायबाट समान लाभ प्रदान गर्नको लागी चक्रिय पदमार्गको अबधारणालाई कार्यान्वयनमा लैजानको लागि आवश्यक समन्वय गरिनेछ।

१५)गाउँपालिका भित्रका सांस्कृतिक संग्रहालयहरुको बिकासका लागि जोड दिइनेछ।

१६)सार्वजनिक निजी साझेदारीमा यान्त्रिक पुल निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

१७)अन्नपूर्ण म्याराथनलाई High Altitude Sport को रुपमा आवश्यक प्रचार र प्रवर्धन गरिनेछ।

१८)पन्चासे रेस, मर्दी हिमाल म्याराथन, गाउँपालिका स्तरीय चिडियाखाना, पर्यटन प्रवर्धनको लागि मेला महोत्सबलाई प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ।

१९)ग्रेटवाल निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ।

२०)Hot spring क्षेत्रको पहिचान गरि आवश्यक पूर्वाधार निर्माण र प्रचार प्रसार गारिनेछ।

२१)शहिद पार्क निर्माण सम्भाव्यता अध्ययन गरिनेछ।

२२)अन्नपूर्ण बेस क्याम्पमा मौरिस हर्जोगको सम्झनामा पार्क निर्माणको लागि पहल गरिनेछ।

२३)तोल्न्यो ताल बराह संरक्षणको लागी आवश्यक पहल गरिनेछ।

२४)अन्नपूर्ण आधार शिबिरमा जाने आन्तरिक पर्यटकहरुको तथ्यांक अध्यावधिक गर्ने र आधारभूत स्वास्थ्य सेवा दिई पर्यटकहरुको बास्तबिक अवस्थालाई अध्यावधिक गर्दै नेपाली पर्यटनको पदयात्रालाई सुरक्षित, ब्यबस्थित र भरपर्दो बनाउन अन्नपूर्ण गाउँपालिका वडा नं. ११ छोम्रोंङमा हेल्प डेस्क स्थापना गरी संचालन गर्ने र उक्त क्षेत्रमा भ्रमण गर्ने आन्तरिक पर्यटकसंग निश्चित शुल्क लिने व्यवस्था गरिनेछ।

२५)पर्यटन प्रवर्धनको लागि भिजिट अन्नपूर्ण कार्यक्रम संचालन गरिनेछ।

## १.४ उद्योग, व्यापार तथा व्यवसाय

१) गाउँपालिका वडा नं. ६ ढावामा औधोगिक ग्राम स्थापनाको लागि आवश्यक प्रकृया अगाडि बढाइनेछ।

२) स्थानीय, कृषि, वन र जडीबुटीसँग सम्वन्धित कच्चा पदार्थहरुको प्रयोग गरी साना तथा घरेलु उद्योगहरु स्थापनामा प्रोत्साहन र सहयोग गरिनेछ।

३) वन लसुन, सतुवा, निर्मसी, दालचिनी, जटामसी, पाँचऔंले, तितेपाती, चिराईतो, कुट्की, हर्रो, बर्रो, अमला, बन धनियाँ, लेमन ग्रास, पुदिना, वोझो, टिमुर, जेठी मधु अल्लो लगायतका जडीबुटी भएको यस गाउँपालिकामा नीजि, सहकारी र साझेदारीमा जडीबुटी संकलन–प्रशोधन तथा विक्री केन्द्रको स्थापना गरी जडीबुटी निकासीमा जोड दिइनेछ।

४) चाँप, कटुस, उत्तिस, साल, खयर, टुनि जस्ता काठ जन्य वस्तुहरुको उचित प्रयोग तथा व्यवस्थापनमा जोड दिईनेछ।

५) ढुङगा, गिट्टी तथा वालुवाको स्रोतको खोजी र पहिचान गरी प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) सम्पन्न गरी उत्खनन र निकासी गर्ने व्यवस्था मिलाइनेछ।

६) सार्वजनिक, सहकारी र निजी लगानी अर्थतन्त्रको तीन खम्बे नीतिलाई आत्मसाथ गरिनेछ। साथै काठसँग सम्वन्धित उद्योग स्थापनामा आवश्यक सहयोग र समन्वय गरिनेछ।

७) संघ र प्रदेश सरकारको सहकार्यमा कोदोबाट उत्पादित लोकल रक्सी उत्पादन र ब्रान्डीङ गर्न आवश्यक पहल गरिनेछ।

## १.५ सहकारी

१) सहकारीको मूल्य मान्यता र सिद्धान्तहरूको परिपालना र अनुसरण गराउनुको साथै सदस्यहरुको चेतना अभिवृद्धि गर्न सहकारी शिक्षा तालिम तथा व्यवस्थापकीय क्षमता बढाउनको लागि सहकारीका पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्न सहकारी सम्बन्धी क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ

२) कृषि उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण र कृषि सामाग्रीको आपूर्ति व्यवस्थापनमा सहकारी संस्थाहरुको संलग्नतालाई प्रोत्साहन गरिने छ।

३) सहकारी संस्थाहरुको आन्तरिक नियन्त्रण पद्धती र लेखापरिक्षणलाई थप व्यवस्थित गरी स्वनियमको अभ्यासलाई प्रभावकारी वनाइने छ ।

४) सहकारी संस्था मार्फत हुने वित्तिय कारोवारलाई सुरक्षित र भरपर्दो बनाउन आगामी आ.ब. २०८०/८१ देखी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सबै सहकारी संस्थाहरुको नियमीत अनुगमन गर्ने व्यवस्था मिलाइने छ ।

५) विगत २ वर्ष देखि नियमित रुपमा लेखा परिक्षण, वार्षिक साधारण सभा नगरेका तथा गाउँपालिकामा नियमित रुपमा प्रतिवेदन नबुझाएका सहकारी संस्थाहरुले आगामी आ.ब.को पौष मसान्त भित्र उल्लेखित कार्यहरु नियमित नगरेमा त्यस्ता सहकारी संस्था खारेजीको प्रकृया अगाडी बढाइनेछ ।

६) आगामी आ.व. भित्र गाउँपालिकाभित्रका सबै सहकारी संस्थाहरुलाई सहकारी तथा गरिवी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमीस) मा आवद्ध गराई नियमित रुपमा तथ्याङ्क प्रविष्टी तथा प्रतिवेदन गर्न लगाइने छ ।

७) सहकारी संस्थाहरुको साझेदारीमा नेतृत्व विकास तथा आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

८) सहकारी संस्थाहरुमा हाल देखिएका समस्याहरु समाधान गर्न सहकारी संस्था संगको समन्वयमा आवश्यक कदम चालिनुका साथै सहकारी संस्थाका पदाधिकारी, कर्मचारी तथा सदस्यहरुलाई वित्तीय साक्षरता तालिम प्रदान गरिनेछ ।

९) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून र मापदण्ड निर्माण, कार्यान्वयन र नियमनमा जोड दिइनेछ

१०) कम पूँजी र समान उद्देश्य भएका सहकारीलाई एकीकरण गर्न प्रोत्साहन गरिनेछ ।

११) सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिने छ ।

१२) गाउँपालिकाका कृषि तथा पशु सम्वन्धी कार्यक्रमहरुलाई कृषि तथा दुग्ध उत्पादक सहकारी संस्था मार्फत कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

### १.६ गरिबी निवारण सम्बन्धी

१) गरिबीको रेखामुनि रहेका घरपरिवारहरुको पहिचान, तथ्याङ्क अध्यावधिक गरी आर्थिक गतिविधि तथा रोजगारीमा प्राथमिकतामा राखिनेछ ।

२) गरिब, विपन्न, दलित बालबालिकालाई आर्थिक, सामाजिक, राजनैतिक रुपमा प्रतिस्पर्धी प्राविधिक तथा उच्च शिक्षा अध्ययनका लागि कार्यविधि बमोजिम समावेशीताको आधारमा छात्रावृत्ति प्रदान गरिनेछ ।

३) भूमिहिन सुकम्बासीहरुको पहिचान गरी न्यूनतम् जीविकाका लागि जग्गा उपलब्ध गराउन आवश्यक प्रकृया अगाडि बढाईनेछ । साथै भूमिहिन, सुकुम्बासीका बालबच्चाको अध्ययनमा आवश्यक सहयोग गरिनेछ ।

४) अति विपन्न घर परिवारको जिवन यापनका लागि आवश्यक न्युनतम आर्थिक सहयोग उपलब्ध गराउने नीति लिईनेछ ।

५) गरिबी निवारणका लागि लधु उद्यम विकास कार्यक्रमलाई गरिवी निवारणको ससक्त माध्यमका रुपमा पहिचान गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## २. सामाजिक विकास

### २.१ शिक्षाः

१) गाउँपालिकाका सवै विद्यालयहरुको स्थलगल अनुगमन गरी शैक्षिक वस्तुस्थितको पहिचान गरी गाउँपालिका स्तरीय दिर्घकालिन शिक्षा नीति निर्माण गरिने छ ।

२) **हाम्रो विद्यालय हामी वनाउछौं** भन्ने भावनाको विकासका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, वालक्लव र अन्य सरोकारवालालाई शैक्षिक गुणस्तर सूधारका लागि कृयासिल वनाइने छ।

३) **सवै प्रकारका विकास मानवका लागि मानव विकासका लागि प्राविधिक सिप सहितको गुणस्तरीय शिक्षा** सार्थक वनाउका लागि शिक्षा क्षेत्रमा लगानी वृद्धि गरीने छ।

४) गाउँपालिकामा विद्यालय संख्या र भौगोलिक क्षेत्रका आधारमा समुह विद्यालय निर्माण गरी समुह विद्यालय मध्य लिड विद्यालय छनौट गरी शैक्षिक कृयाकलाप सञ्चालन गरीने छ। साथै प्रत्येक वडामा एक लिड विद्यालय छनौट गरिने छ।

५) शैक्षिक गुणस्तर वृद्धिको निम्ति प्रत्येक बिद्यालयमा **अभिभाबक शिक्षा** संचालन गरिनेछ।

६) पाँच वर्षमुनिका वालवालिकको सर्वाङ्गीण विकास गर्न र प्रारम्भिक वालशिक्षाको अनुभव सहित अधारभुत तहको शिक्षामा प्रवेश गर्ने वातवरण तयार गर्न सवै विद्यालयमा वालविकास केन्द्र अनिवार्य गरी प्रारम्भिक वालकक्षाका लागि निर्धारित मापदण्ड अनुरूप वालकक्षाहरू सुधार, कार्यरत सहजकर्ताको क्षमता विकास गरिने छ साथै वालकक्षाका शिक्षक विद्यालय कर्मचारीहरूलाई नेपाल सरकारले निर्धारण गरेको न्युनतम तलव उपलव्ध गराउने व्यवस्था गरिनेछ।

७) **विद्यालय परिवारसंग गाउँपालिका कार्यक्रम** सञ्चालन गरिने छ। जसमा विद्यार्थी, शिक्षक, अभिभावक, वि व्य स , शि अ सं लगायत सरोकारहरुसँग प्रत्यक्ष सम्पर्क गरि शैक्षिक गुणस्तर सुधारका लागि अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

८) गाउँपालिका भित्र रहेका सवै सरकारी एवम् गैह्र सरकारी संघ संस्थाहरुसँग समन्वय गरी पारदर्शि रुपमा शैक्षिक गतिविधि सञ्चालन गरिने छ।

९) **अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** सञ्चालन गरी यस आ व मा उक्त कार्यक्रम अन्तर्गत बालकक्षाको सुधार र क्रमशः माध्यमिक तहसम्म विस्तार गरिनेछ।

१०)विद्यालय दिवा खाजामा स्थानिय समाग्रीको प्रयोगलाई अनिवार्य गरिनेछ र यस कार्यक्रमलाई प्रभावकारी वनाउन लागि गाउँपालिकाबाट कार्यक्रमको अनुगमन साथै व्यवस्थापनको लागि लगानी गरिने छ।

११)सार्वजनिक विद्यालयहरूमा शैक्षिक गुणस्तर सुधार गरी विद्यार्थीको रोजाई केन्द्र वनाइने छ।

१२)विद्यार्थीलाई कामको संस्कार शिकाईका लागि गाउँपालिकाको लगानीमा परीक्षणका रुपमा पढ्दै कमाउदै तिर्दै कार्यक्रम सञ्चालन गरीने छ। सो कार्यक्रममा अभिभावाकलाई समेत सहभागि गराईने छ।

१३)अन्नपूर्ण वहु प्रविधिक शिक्षालयवाट अध्यापन गराइने वालिविज्ञान र पशु विज्ञान अतिरिक्त अन्य प्राविधिक विषय थप गरी अध्यापन गराउने पहल गरिने छ। साथै मागमा आधारीत लामा र छोटा अवधिका सवै प्रकारका गुणस्तरीय प्रावधिक तालिमहरु सञ्चालन गरीने छ।

१४)**शिक्षकलाई सम्मान गरौँ वालवालिकालाई माया गरौँ** भन्ने आदर्श वाक्यलाई प्रथामिकतामा राखि शिक्षक पेसालाई सम्मानित पेसाकारूपमा विकास गरीने छ। वालवालिकालाई अध्ययनमा लगनसिल हुने वातावरण तयार गरिने छ। निश्चित मापदण्ड तयार गरी शिक्षक एवम् विद्यार्थीलाइ सम्मान र पुरस्कृत गरिने व्यवस्था मिलाईने छ।

१५)सवै विद्यालयहरूमा गुणस्तरीय इन्टरनेटको व्यवस्था, शैक्षिक पूर्वधारको विकास, तालिम प्राप्त ईमान्दार दक्ष प्रविधि मैत्री शिक्षक, शिक्षण सामग्रिको व्यवस्थापन, प्रभावकारी अनुगमन निरीक्षण र मुल्याङन प्रणाली, नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरीय र जिवनउपयोगि शिक्षाको सुनिश्चित गरिने छ।

१६)**निरन्तर शिक्षा एवम साक्षरता साक्षरोत्तर शिक्षा** र गाउँपालिककाको पूर्ण साक्षर कार्यक्रममा दिगोपना कायम गर्नका लागि सामुदायिक सिकाई केन्द्रहरुलाई क्रियाशिल गाराइने छ। साथै प्रौढ आमा वावुलाई मोवाईल तथा आधुनिक विधुतीय समान चलाउन सिकाउन डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरीने छ।

१७)विद्यालय वाहिर रहेका सवै वालवालिकालाई विद्यालयमा प्रवेस गराई **वालवालिकालाई विद्यालय ल्याऔं पढाईमा टिकाऔं** कार्यक्रमलाई प्रभावकारी वनाईने र गाउँपालिकाका सवै वालवालिकाहरूलाई कम्तिमा माध्यमिक तहसम्मको शिक्षा पुरा गर्ने वातावरण तयार गरिने छ।

१८)बिद्यालय र सार्वजनिक कार्यालय नजिक **१ सय मिटर वरपर मदिराजन्य एबम सुर्तिजन्य पदार्थ बेच बिखन तथा प्रयोग गर्ने कार्यलाई बन्द** गरिनेछ।

१९)सवै तहका शिक्षकको विषयगत समितिलाई कृयाशिल वनाई मागमा आधारीत शिक्षण सिकाई तालिम दिई शिक्षण सिकाईमा आएका कठीनाई अन्त्य गरिने छ। शिक्ष ालाई प्रविधिमैत्री वनाई सिकाई उपलव्धीमा वृद्धी गरी गुणस्तरीय शिक्षा उपलव्ध गराईने छ।

२०)विद्यार्थीहरुलाई न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि **शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई गाउँपालिका प्रति जवाफदेही** हुने प्रणाली विकास गरिने छ।

२१)गरीव, विपन्न अभिभावक विहिन साथै अपांगता भएका अभिभावकका वालवाललिका आर्थिक अवस्थाका कारणवाट अध्ययनमा कठिनाई भएका वालवालिकाको वास्तविकता पत्ता लगाई छात्रवृत्ति उपलव्ध गराई विद्यायाल तहको शिक्षा पुरा गर्ने वातावरण तयार गरीने छ। साथै उच्च प्रावधिक शिक्षा अध्ययन गर्ने जेहेन्दार विद्यार्थीहरुलाई दिईदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईने छ।

२२)सामुदायिक विद्यालय र संस्थागत विद्यालय विच, शिक्षण सिकाई कृयाकलाप र शैक्षिक तथा व्यवस्थापकिय पक्षहरुमा भएका असल अभ्यास सम्वन्धि अनुभवहरुको आदन प्रदान गर्ने वातावरण तयार गरीने छ।

२३)स्थानिय परिवेस, प्राकृतिक सम्पदा, भेषभुषा, संस्कार, सस्कृति, पर्यटन, कृषि, जडिवुटी, योग र अनुशासन र पेसा व्यवसाय जस्ता विषयवस्तु समेटेर निर्माण भइ परीक्षणको रुप प्रयोग भएको स्थानिय पाठ्यक्रम परिमार्जन गरी प्रयोग गरीने छ।

२४)गाउँपालिका भित्रका मानव पुँजीको अध्यावधिक अभिलेख तयार गरीने छ। वौध्दिक युवाहरुको समुह निर्माण निजामती सेवा संस्थान तथा शिक्षण सेवामा सेवामा प्रवेस गराउन उत्प्रेरण जागाउने कार्यक्रम सञ्चालन गरीने छ। **धार्मिक पुस्तकालय कार्यक्रम**लाई विस्तार गरिने छ।

२५)पर्यटन व्यवसायलाई अझ प्रभावकारी वनाउनका लागि कक्षा ११ र १२ मा होटल मेनेन्जमेन्ट तथा टुरिजम्स सम्वन्धिको प्राविधिक धारका विद्यालय सञ्चालन गर्नका लागि सम्भाव्यवताको अध्ययन गरिने छ।

२६)कास्की जिल्ला निर्वाचन क्षेत्र नं. ३ मा नेपाल सरकारवाट नमुना विद्यालयको रुपमा छनोट भएको माछापुच्छ्रे मा.वि.लाई शैक्षिक पूर्वाधारको पूर्णरूपमा विकास गरी गा.पा.का कै नमुना विद्यालयको रुपमा विकास गरीने छ।

२७)सार्वजनिक विद्यालयको सवलिकरण र सुदृढिकरण गर्नका लागि **जहाँ विद्यार्थी तहाँ विद्यालय**, साथै विद्यार्थी र शिक्षकको अनुपात मिलाउनका लागि न्युन विद्यार्थी भएका विद्यालय एक आपसमा समायोजन, कक्षा स्थगन वा एकिकरण गरी शिक्षक दरवन्दि व्यवस्थापन कार्यलाई अगाडि वढाईने छ। साथै यसरी विद्यालय समायोजन गर्दा विद्यार्थीलाई अध्ययनमा पर्न सक्ने असहजता लाई मध्यनजर गर्दै गुणस्तरीय शिक्षा उपलव्ध गराउनका लागि छात्रवासमा वसेर अध्ययन गर्ने वातावरण मिलाइने छ।

२८)अध्यापनका क्रममा आएका समस्या समाधान साथै अनुभव आदान प्रदानका लागि गाउँपालिका र विद्यालय तहमा वियषगत समिति गठन गरि सिकाईमा आएका समस्या विच छलफल कार्यक्रम र आवश्यकता आधारमा शिक्षक तालिम सञ्चालन गरिने छ। शैक्षिक क्षेत्रमा उल्लेखनिय कार्य गर्ने व्यक्तिहरूलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईने छ।

२९)विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीको समस्याका कारणवाट विद्यालय वा कक्षा छाड्ने समस्या सामाधानका गर्न सेनेटरी प्याड तथा व्यवस्थापन सामाग्री वितरण साथै विद्यालयमा विद्यार्थीहरूलाई आउने स्वास्थ्य सम्वन्धि समस्या समाधानका उपाय सम्वन्धि सचेतना जगाउने कार्यका लागि **विद्यालय नर्सिङ कार्यक्रम** सञ्चालन गरिने छ।

३०)**अध्यक्षसंग गरिब र जेहेन्दार बिद्यार्थी कार्यक्रम** संचालन गरिनेछ। बिशेष क्षमता भएका बिद्यार्थीको पहिचान गरि प्रोत्साहन गरिनेछ।

३१)जगेडामा रहेका शिक्षकहरुको उचित प्रबन्ध मिलाइनेछ।

३२)गाउँपालिका भित्र गुरूङ समुदायको भाषा लिपी संस्कृतीलाई उजागरण, संरक्षण, प्रचार प्रसार गर्नका लागि गाउँपालिका भित्र सञ्चालनमा रहेको अधारभुत तह कक्षा १ देखी कक्षा ३ सम्मको गुरूङ भाषाको पाठ्यक्रम निर्माण गरी कक्षा सञ्चालन गर्ने प्रक्रियालाई निरन्तरता र विस्तार गरिने छ।

३३)गाउँपालिकाका शैक्षिक कार्यक्रम तथा विभिन्न जानकारीमुलक सूचना, विद्यार्थीका सृजना, विद्यालयका असल अभ्यास, नमुना कार्य तथा विविध शैक्षिक कार्यक्रम सम्वन्धि जानकारी प्रकाशन गर्ने उद्देश्यले चौमासिक रुपमा अन्नपूर्ण शैक्षिक वुलेटिन प्रकाशन गरी सवै विद्यालय तथा वि व्य स र जनप्रतिनिधिलाई उपलव्ध गराइने छ। उक्त वुलेटिनलाई गाउँपालिकाको WEBSITE मा राखिने छ।

३४)गाउँपालिकामा शिक्षासँग सरोकार राख्ने सरकारी संस्था, गैर सरकारी संस्था, निवृत्त शिक्षक कर्मचारी, विभिन्न सक्रिय शैक्षिक समितिहरुसग समन्वयन गरी उपलव्ध साधन स्रोतको उच्चतम उपयोग गरी शैक्षिक गुणस्तर सुधारका लागि कृयाशिल हुने वातावरण निर्माण गरीने छ।

३५)विद्यालय शिक्षाको मुल्याङ्कन प्रणलिमा सूधारका लागि परीक्षा प्रणिलिमा सूधार गरिने साथै निरन्तर विद्यार्थी मूल्याङकनलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ।

३६). आयुर्वेदिक शिक्षालय स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

३७)**प्रत्येक बिद्यालयमा महिनाको एक पटक स्वास्थ्य चौकी मार्फत स्वास्थ्य परिक्षणको व्यवस्था** मिलाइने छ।

३८)प्रधानाध्यापकहरुको नियुक्ति गर्दा पेश गरेको उत्कृष्ट कार्ययोजनाको आधारमा गरिनेछ।

३९)स्काउट सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ।

४०)आकस्मिक उद्धार, प्राथमिक उपचार, विपद व्यवस्थापन लगायतका कार्यहरुमा रेडक्रस संग सहकार्य र साझेदारीमा काम गर्ने नीति लिईनेछ।

## २.२ स्वास्थ्य

१) गाँउपालिकाका सबै वडामा स्वास्थ्य विमा गर्न जनतालाइ प्रोत्साहित गरिनेछ। संविधानले निर्देश गरे अनुरुप गुणस्तरिय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुच स्थपित गर्न कटिबद्ध हुने र सोहि अनुसारको आवश्यक नीतिगत, वित्तिय र व्यवस्थापकिय माध्यमद्धारा स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै आधारभूत स्वास्थ्य सेवा बाहेकका सेवाहरु सामाजीक न्यायको सिद्धान्त द्धारा अनुप्राणित स्वास्थ्य विमा ऐन अनुरुप प्रदान गरिनेछ।

२) पालिकाका सबै नागरिकलाई दिदै आएको ५० प्रतिशत बिमा प्रिमियम रकम बेहोर्ने नीतिलाई निरन्तरता दीईनेछ। साथै स्वास्थ्य विमा मार्फत प्रदान गरिने सेवाको पहुँचलाई विस्तार गरि सबै नागरिकलाई क्रमश शतप्रतिशत रकम गाउँपालिकाले ब्यहोर्ने गरि छुट्टै "स्वास्थ्य विमा कोष" खडा गरिनेछ।

३) यस गाउँपालिकाका सम्पूर्ण बासिन्दालाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन स्रोत साधन सम्पन्न बनाइनेछ। बर्थिंङ सेन्टर तथा दक्ष प्रसुतिकर्मीको पर्याप्त व्यवस्था गरि संस्थागत सुत्केरीलाई प्रोत्साहित गर्ने र घरैमा प्रसुति हुने प्रचलनलाई पूर्णतया निरुत्साहित गरि घरमा प्रसुति हुने क्रमलाई शुन्यमा झारिनेछ। आमा सुरक्षा कार्यक्रमको उपलब्धिलाई कायम राख्दै आवश्यकता र सेवा केन्द्रको नक्सांकन गरि बर्थिंङ सेन्टर मार्फत आकस्मिक प्रसुति सेवा **(Emergency Obstetric Care)** क्रमशःविस्तार गर्दै लैजाने नीति लिइनेछ।

४) स्वास्थ्य प्रणालीलाई संघीय संरचना अनुरुप केन्द्र, प्रदेश र स्थानीय तहमा एकीकृत रुपमा विकास र विस्तार गरिसकेको हुनाले सोहिअनुसार सविधानले निर्देश गरे अनुसारको आवश्यक नीतिगत, वित्तीय र व्यवस्थापकीय मध्यामद्वारा गाउँपालिका क्षेत्र भित्रको स्वास्थ्य क्षेत्रमा सुशासन कायम गरिनेछ।

५) आपतकालिन मातृ तथा शिशु स्वास्थ्य व्यवस्थित गर्न गाउँपालिकामा **"आपतकालिन सुरक्षित मातृत्व कोष"** स्थापना गरिनेछ। साथै कुनै पनि १२-५५ वर्ष उमेर भित्रका महिलाको मृत्यु भएमा गरिने सूचना प्रणाली **(MPDSR)** कार्यक्रमलाई महिला स्वास्थ्य स्वयम सेवक मार्फत सम्पूर्ण वडाहरुमा पुर्याइनेछ।

६) पूर्णखोप, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, गाँउघर क्लिनिक जस्ता सेवालाई व्यवस्थित गर्दै स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयमसेविकाको मनोबल उच्च राख्न आवश्यक नीति लिईनेछ। खोपद्धारा रोकथाम गर्न सकिने रोगहरुको रोकथामको लागि नयाँ खोपहरुको शुरुवात गरिनेछ। गुणस्तरीय खोपको प्रवर्ध्दनको लागि कोल्ड चेन कायम राख्न गाउँपालिका तहको कोल्ड चेन गुणस्तर सुनिश्चित गर्न व्यवस्था गरिनेछ।

७) हाल निर्माणाधीन १५ शैय्याको अस्पताललाई यही २०८० असार भित्र सम्पन्न गरि संचालनमा ल्याइने छ। साथै पोखरामा रहेका बिशेषज्ञ सेवा प्रदान गरेका अस्पताल संग समन्वय गरि साप्ताहिक बिशेषज्ञ सेवा समेत प्रदान गर्न पहल गरिनेछ।

८) भौगोलिक र जनसङ्ख्याको अनुपातका आधारमा बढीमा ३० मिनेटको दूरीमा एक गाउँ एक स्वास्थ्य संस्थाको अवधारणालाई सफलिभूत बनाउन एउटा वडामा एक स्वास्थ्य चौकि र स्वास्थ्य सस्था नभएको वडा तथा जनसंख्या र भूगोलको आधारमा स्थापना गर्नुपर्ने आवश्यक ठाउमा आधारभूत स्वास्थ्य सेवा पाउने जनताको मौलिक हकलाई सुनिश्चित गर्न स्वास्थ्य सस्था स्थापना गरिनेछ साथै सम्पन्न भैसकेका

स्वास्थ्य सस्थाहरुलाई साधन स्रोत सम्पन्न गरि सबै स्वास्थ्य सस्थामा पुरा जनशक्तिको व्यवस्था गरिनेछ ।

९) महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सिमान्तकृत, अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागी भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिद परिवार, द्धन्दपिडित र घाइतेहरुको संविधान प्रदत्त अधिकार स्वास्थ्य सेवामा प्रत्याभूत गरिनेछ । सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्न, शारिरिक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताका साथ स्वास्थ्य सेवा सुनिश्चित गरिने र स्वास्थ्य विमाको प्रिमियम रकम स्थानीय तहले प्रदान गर्ने प्रक्रिया अगाडी बढाइनेछ ।

१०)स्थानिय तहको स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा क्रमश: विस्तार गरिनेछ।

११)परिवार स्वास्थ्य लगायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकीकृत सेवाको रूपमा कार्यान्वयन गरिनेछ। युवा तथा किशोर किशोरीमैत्री स्वास्थ्य सेवाको अवधारणालाई सम्पूर्ण स्वास्थ्य सेवाप्रदायक संस्थाहरूमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसंग समायोजन गराइनेछ। प्रजनन् स्वास्थ्य सम्बन्धी ऐन बमोजिम प्रजनन स्वास्थ्य अधिकार सुनिश्चीत गरिनेछ।

१२)ग्रामिण क्षेत्रमा रहेका महिलाहरुको स्तन तथा पाठेघरको मुखको क्यान्सर समयमै पत्ता लगाउन तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन गरि शिबिर संचालन गरिनेछ।

१३)बिद्यालय प्राथमिक स्वास्थ्य सेवा विस्तार गरिनेछ। जसका लागि **एक बिद्यालय एक नर्स कार्यक्रम**को थालनी गरिनेछ।

१४)कुनै पनि नागरिक बञ्चित नहुने गरी आकस्मिक स्वास्थ्य सेवा समुदायसम्म उपलब्ध गराउने। सबै तहका स्वास्थ्य संस्थाहरुलाई गुणस्तरिय सेवा प्रदान गर्न सक्षम बनाउन आवश्यक पूर्वाधारहरुको प्रत्याभूति, अनुगमन र सुपरिवेक्षण गर्दै स्वास्थ्य निकायहरुलाई स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चित गराउने माध्यम बनाइनेछ।

१५)प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरुबाट अनुप्राणित प्रवर्धनात्मक, प्रतिरोधात्मक, निरोधात्मक सेवामा दिईआएको प्राथमिकतालाई कायम राख्दै स्वास्थ्य क्षेत्रको जनस्वास्थ्य अभिमुखिकरणलाई अझ सुदृढ गरिनेछ । स्थानिय तहको पहलमा समुदायमा आधारित स्वास्थ्य प्रणालीको गुणस्तर, पहुँच र प्रभावकारितामा अभिवृद्धि गर्नलाई प्राथमिकता दिईनेछ।

१६)समता र सामाजिक न्यायद्धारा निर्देशित स्वास्थ्य वित्तिय व्यवस्थापन मार्फत आधारभूत स्वास्थ्य सेवा निस्शुल्क प्रदान गर्ने र स्वास्थ्य विमा मार्फत विशेषज्ञ सेवा उपलब्ध गराउने कार्यविच समन्वय गर्न तथा नागरिकको वित्तिय जोखिम न्यूनिकरण गर्नको लागी वित्तिय व्यवस्थाको पुनरावलोकन गरी स्वास्थ्य बजेटमा बृद्धि गर्ने र बजेट निकासा, खपत र खरिद प्रक्रियालाई सरलीकरण गर्दै संविधानप्रदत्त सबै स्वास्थ्य अधिकारहरुको प्रत्याभूति गर्न स्वास्थ्य सेवालाई सुदृढ बनाइनेछ।

१७)स्वास्थ्यमा सार्वजनिक, नीजि तथा सहकारीको सहकार्य र साझेदारी मार्फत भएको लगानी र सेवालाई आम नागरिकको हितमा प्रयोग गर्न प्रोत्साहित गरी उत्पादनमुलक कार्य मार्फत गुणस्तरीय स्वास्थ्य सेवालाई सुदृढ बनाइने र स्वास्थ्य क्षेत्रमार्फत समग्र विकासको अवधारणालाई प्रवर्धन गरिनेछ। नीजि र सहकारी क्षेत्रमा रहेको व्यवसायीकता, कार्यकुशलता, उद्यमशिलता, प्राविधिक दक्षता एवंम् वित्तिय श्रोतलाई समग्र स्वास्थ्य सेवाको विकास र विस्तारमा उपयोग गर्न स्थानीय तहबाटै सहयोग, नियमन, व्यवस्थापन, र सहजिकरण गरिनेछ।

१८)मौलिक चिकित्सा पद्धतिको रुपमा आयुर्वेदको विकासमा जोड दिने र अन्य परम्परागत, बैकल्पिक चिकित्सा प्रणालीहरु(योग, प्राकृतिक चिकित्सा, होमियोप्याथी, यूनानी आदी)को संरक्षण एवं व्यवस्थित

विकास गर्दै प्राकृतिक श्रोत र साधन एवं जडिबुटिहरुको समुचित प्रयोग गरि प्रतिरोधात्मक, प्रवर्धनात्मक, उपचारात्मक र पुनरुस्थापनात्मक सेवा सबै नागरिकको सहज पहुँचमा पुरयाउन तथा यस क्षेत्रमा अनुसन्धानलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

१९)स्वास्थ्य सेवाहरु सर्वसुलभ, प्रभावकारी र गुणस्तरिय बनाउन जनसंख्या, भूगोल अनुरुप दरबन्दी, स्वास्थ्य उपकरण र पूर्वाधारको व्यवस्था गरि उनिहरुलाई काम गर्नको लागी उत्साहजनक वातावरणको प्रत्याभूति गर्नेसाथै दक्ष, पेशागत क्रियाशिल जनशक्तिको विकास गर्दै लगिनेछ। साथै उत्कृष्ट कार्यक्षमता भएका संस्था तथा सेवाप्रदायकलाई प्रोत्साहन गरिनेछ।

२०)आन्तरिक उत्पादनलाई प्रोत्साहित गरि आत्मनिर्भरतातर्फ उन्मुख हुँदै गुणस्तरीय औषधिको सहज तथा प्रभावकारी आपूर्ति मार्फत कुनै पनि समयमा औषधि तथा अन्य सामग्रीको आपूर्तिलाई रोकिने छैन जसका निम्ति बोलपत्र खरिद स्थानीयस्तरमा लागु गर्न विशेष खरिद संयन्त्र गठन गर्नुको साथै वितरणलाई सुनिस्चित गरिनेछ।

२१)समुदायस्तरमा संक्रामक रोगको प्रभावकारी नियन्त्रण भइ नसकेको अवस्थामा नयाँ संक्रामक रोग र उपेक्षित ट्रपिकल रोगहरु महामारीकै रुपमा देखा पर्न थालेको, खुला सिमाना, जलवायु परिवर्तन, प्राकृतिक विपद्, पशु संसर्ग र उपयूक्त खोपहरुको अभावले गर्दा कतिपय संक्रामक रोगहरुको नियन्त्रणमा परेको कठिनाईलाई संबोधन गर्न संक्रामक रोगको नियन्त्रण र जनस्वास्थ्य प्रणालीको सुदृढिकरण विचको अन्तरसंबन्धलाई घनिभूत बनाइनेछ।

२२)महामारी रोकथाम र नियन्त्रण, प्रतिजैविक औषधीहरुको प्रभावकारिता, अस्पताल र स्वास्थ्य निकायहरुको तैयारी अवस्था र तत्काल प्रतिकृया गर्ने क्षमता, प्रयोगशालाहरुको विस्तार र क्षमताबृद्धि, स्क्रिनिंग आदीको लागी छुट्टै नीति तथा रणनीति बनाइ समुदायस्तरमा सचेतना कार्यक्रम संचालन गर्ने साथै क्षयरोग, औलो, एच.आई.भी एड्स, कुष्ठरोग, कालाजार, डेंगु लगायतको उपेक्षित ट्रपिकल रोगहरु, हात्तीपाइले, जापानीज इन्सेफाइलाइटिस, स्क्रब टाईफस, रेबिज लगायत अन्य संक्रामक रोग नियन्त्रण र जनस्वास्थ्य प्रणाली सुदृढिकरण विचको अन्तरसंवन्धलाई घनिभुत बनाइनेछ। महामारी रोकथाम र नियन्त्रणका लागि सबै स्वास्थ्य निकायहरु र समुदायको तयारी अवस्थाको र तत्काल प्रतिकृया गर्ने क्षमताको विकास गरिनेछ।

२३)नसर्ने रोग मृत्युको प्रमुख कारण बनेको, यसको नियन्त्रण व्यक्ति र समाजको जीवन शैलीमै परिवर्तन आएपछि मात्र संभव हुने भएकोले त्यस अनुरुपको स्वास्थ्य प्रणाली विकास गर्न नसर्ने रोगहरुको उपचारलाई प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पताल सम्म पहुच सुनिश्चित गर्नुका साथै आयुर्वेद र अन्य उपचार पद्धतिलाई नसर्ने रोगहरुको रोकथाम, उपचार र नियन्त्रणको लागी एकिकृत गरिनेछ। **Multisectoral Action Plan / Package of Essential NCDs** लाई नसर्ने रोगहरुको रणनैतिक ढाँचाभित्र समायोजन गरिनेछ।

२४)स्वास्थ्य र पोषणलाई अन्तरक्षेत्रिय समन्वयको माध्यमबाट गुणस्तरीय एवं स्वास्थ्यवद्र्धक खाद्य पदार्थको प्रवद्र्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरि कुपोषणलाई न्यूनीकरण गर्ने र पोषण संबन्धि जनचेतना बढाउन घरमा बस्ने र विद्यालय जाने उमेरका बालबालिकाहरुका स्वास्थ्य तथा पोषण प्रवद्र्धनलाई ध्यान दिदै विशेष योजना ल्याई सबै बिद्यालयहरुलाई चमेना गृह बनाउन निर्देश गरि जंक फुड निषेध गरिनेछ।

२५)विपद तथा दुर्घटनाबाट हुने चोटपटकका कारण अपांगता र मृत्युमा भैरहेको तीव्र वृद्दिलाई सम्बोधन गर्न रोकथाम,शिघ्र उपचार र दोहोरो प्रेषण प्रणालीलाई प्रभावकारी बनाइने साथै गाउँपालिका क्षेत्रमा एम्बुलेन्स सेवा विस्तार गरिनेछ।

२६)सडक दुर्घटना बाट हुन जाने क्षति न्यूनीकरण गर्न राजमार्ग अस्पताल स्थापनाको लागि संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ।

२७)जलवायु परिवर्तन, तथा प्राकृतिक विपदले सृजना हुने मानवीय स्वास्थ्य समस्या समाधान गर्न विपद तैयारी र व्यवस्थापनलाई प्रभावकारी बनाउन स्वास्थ्य क्षेत्रका सबै निकायहरुबिच र अन्तरक्षेत्रिय समन्वये गरिनेछ। वातावरण प्रदूषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गरिनेछ।

२८)मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न स्वास्थ्यकर्मी,महिला स्वास्थ्य स्वयं सेविका तथा जनप्रतिनिधिलाई अभिमुखिकरण गरि समुदायमा यसको रोकथाम, उपचार र नियन्त्रण गर्न प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरीनेछ । साथै अस्पतालसम्मको पहुचलाई सुनिश्चित गरिनेछ। मानसिक स्वास्थ्य शिक्षा कार्यक्रमलाई समुदाय र शिक्षण संस्था मार्फत एक अभिन्न अंगका रुपमा प्रवाहित गरिनेछ।

२९)अन्धोपन, पक्षघात, बहिरोपन, पोलियो र अन्य जन्मजात र बंशानुगत विकलांगताहरुको सन्दर्भमा अपांगता सम्बन्धि महासन्धिको निर्देश अनुरुपको स्वास्थ्य सेवा र अपांगमैत्री स्वास्थ्य पूर्वाधार विकास गरिने र स्वास्थ्य सेवामा फरक क्षमता भएका ब्यक्तिहरुको पहुँच सुनिश्चित गरिनेछ।

३०)उधोग, कृषि, घरेलु कार्यालय तथा अन्य ठाउंहरुमा काम गर्ने व्यवसायीहरुको कार्यस्थल सूरक्षित बनाउंदै उनिहरुको व्यवसायको कारण स्वास्थ्यमा पर्नसक्ने प्रतिकुल असरलाई न्यूनिकरण गर्दै लगिनेछ।

३१)आमा, नवजात शिशु, बालबालिका र किशोरीहरुको स्वास्थ्य प्रबर्धनमा अत्यन्त महत्वपूर्ण भूमिका खेल्ने गुणस्तरीय नर्सिङ तथा मिडवाइफ्री सेवा र मध्यमस्तर स्वास्थ्यकर्मीहरु सहज, सुलभ एवं प्रभावकारी रुपमा जनताको पहुचमा पुर्याउन बर्थिङ सेन्टरको क्षमता विकास, आवश्यक दक्ष विशिष्टीकृत नर्सिंङ जनशक्तिको प्रक्षेपण, उत्पादन, परिचालन, पेशागत वृत्तिविकाश र तालीमद्धारा सेवाको गुणस्तरमा बृद्धि गरिनेछ।

३२)महिला स्वास्थ्य स्वयसेविकाहरुको कार्यक्रमलाइ चुस्त र प्रभावकारी बनाउन प्रोत्शाहन बापत अध्ययन अवलोकन भ्रमण साथै दैनिक स्वास्थ्यका क्रियाकलाप संचालनका लागि आवश्यक सामग्रीको ब्यबस्था गरिनेछ साथै २ वर्ष मुनिका बालबालिकाको पोषण अवस्था पत्ता लगाउन आफ्नै टोल बस्तीमा बृदी अनुगमनको ब्यबस्था होस् भन्ने अभिप्रायले मासिक रुपमा तौल लिई स्वास्थ्य सस्थामा प्रतिबेदन गर्ने परिपाटीको थालनी गरिनेछ ।

३३)स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरिय बनाउन तथा प्रमाणमा आधारित नीति, योजना र कार्यक्रम बनाउन स्वास्थ्य अनुसंधानलाई प्राथमिकता दिने । प्राविधिक शिक्षालय, प्रतिष्ठान लगायत विभिन्न अनुसंधानमा संलग्न संस्थाहरुलाई प्रोत्साहित गरी स्वास्थ्य अनुसंधानको क्षमता अभिवृद्धी गर्दै लगिनेछ।

३४)स्वास्थ्य सम्वन्धी सन्देश एवं सूचना सुलभ रुपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यन्वयन गर्न तथा सेवाग्राहीले उपचार संबन्धि जानकारी पाउने हक सुनिश्चित गर्ने। स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तर र विश्वसनियतामा बृद्धि गरि त्यसको आधारमा प्रमाणमा आधारित नीति तथा योजना बनाइनेछ। साथै गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा आवश्यक पूर्वाधार तथा क्षमता विकास गरी इन्टरनेट रिपोर्टिङ लाई प्रभावकारी बनाउन सबै स्वास्थ्य संस्थामा इन्टरनेट सेवा विस्तारलाई निरन्तरता दिईनेछ ।

३५)स्वास्थ्य बहुक्षेत्र विषय भएको यथार्थलाई आत्मसाथ गर्दै सबै सार्वजनिक नीतिहरुमा स्वास्थ्यको मुद्धालाई सम्बोधन गर्न र स्वास्थ्यमा बहुक्षेत्रिय सहकार्य र सहयोगलाई प्रभावकारी ढङ्गबाट कार्यन्वयन गर्न स्वास्थ्य क्षेत्र र अन्य क्षेत्र बिच समन्वयको नीति अपनाइनेछ।

३६)स्वास्थयकर्मी र सेवाग्राहीविच पेशागत सुमधुर संबन्धको सुनिश्चितता गर्न संवन्धित निकायहरुसंग समन्वय गरि स्वास्थ्यकर्मिहरुको सुरक्षाको प्रत्याभुति गर्नुको साथै आमजनसमुदायको स्वास्थ्य सुरक्षा र विरामीहरुप्रति स्वास्थ्यकर्मिहरुले निर्वाह गर्नुपर्ने पेशाधर्मिता (आचारसंहिता) को पालनालाई सुनिश्चित गरिनेछ।

३७)दूर(चिकित्सा प्रणाली, विद्धुतीय स्वास्थ्य प्रविधी **M-Health, E-Health** साथै आधुनिक प्रविधिलाई अवलम्बन गरि स्वास्थ्य सेवालाई सुध्रिढ बनाउने, संघ, प्रदेश र स्थानीय तहका सेवाहरुबिच घनिष्ट सम्पर्क तथा दोहोरो प्रेषण प्रणाली स्थापित गरिनेछ।

३८)सामुदायिक लगायत सबै स्वास्थ्य संस्थामा, सबै तहमा मानव तथा पशुपंक्षीमा प्रतिजैविक औषधिहरुको प्रभावकारीतामा प्रतिरोध बढ्दै गएकोले यसका लागि निरोधात्मक तथा रोकथामका लागि आवश्यक कदम चालिनेछ।

३९)बढदै गरेको मुखरोग सम्बन्धि समस्यालाई सम्बोधन गर्न मुख सम्बन्धि स्वास्थ्य **(Oral Health)** लाई विशेष महत्वका साथ प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पतालको सेवासम्म नागरिकको पहुच सुनिश्चित गरिनेछ।

४०)जेष्ठ नागरिकहरुको संख्यामा भैरहको बृद्धिलाई ध्यानमा राख्दै स्वास्थ्यका समस्याहरुलाई प्राथमिक स्वास्थ्य सेवाको तह देखि नै व्यवस्थापन गरी प्रेषण अस्पतालसम्म ज्येष्ठ नागरिकको पहुच सुनिश्चित गरिनेछ । साथै पालिकाका विभिन्न ठाउहरुमा आवश्यकताका आधारमा बिषेशज्ञ सहितको निसुल्क स्वास्थ्य शिबिर संचालन गरिनेछ र सबै वडाहरुमा रगत परिक्षण कार्यक्रम संचालन गरिनेछ।

४१)जनताले पिउने पानीको गुणस्तर जाच गर्न आवश्यक कदम चालिनेछ।

४२)फोहोरमैला ब्यबस्थापनको लागि कुहिने, नकुहिने र पुन प्रयोग गर्न मिल्ने फोहोरमैलाको बर्गिकरण गरि सम्बन्धित वडा वा पालिकाले उपयुक्त ठाउँमा ब्यबस्थापन गर्ने नीति लीइनेछ।

४३)स्वास्थ्य सेवालाई प्रभावकारी, सुरक्षित, विश्वासिलो, जनकेन्द्रित, तथा समतामुलक बनाउंदै स्वास्थ्य सेवाको उपयोगमा बृद्धि गरि आम जनताको स्वास्थ्य विकासद्धारा देशको समष्टिगत विकासमा योगदान पुर्याउने स्वास्थ्य क्षेत्रको उदेश्य प्राप्तिको लागि स्वास्थ्य सेवाको गुणस्तरियतामा अधिकतम बृद्धि गरिनेछ।

४४)पालिका स्तर तथा वडा स्तरमा गठन गरिएका खाध्य सुरक्षा निर्देशक समितिहरुलाई सक्रिय गराई अनुगमनको क्षेत्र विस्तार गरिनेछ।

४५)सबै स्वास्थ्य संस्थाहरुलाई पेपरलेस बनाउंदै पूर्ण रुपमा बिधुतिय अभिलेख तथा प्रतिबेदनको प्रणाली विकास गरिनेछ। जसका लागि आवश्यक तालिम र बैकल्पिक उर्जाको ब्यबस्थापनको लागि पहल गरिनेछ

४६)मुटु, मिर्गौला,क्यान्सर आदि जस्ता नसर्ने रोगका कारण पिडित नागरिकहरुको जिबन सहज र सरल बनाउन बिशेस योजना ल्याइनेछ।

## २.३ आयुर्वेद

१) वडा वडामा नियमित रुपमा सञ्चालन हुदै आएको आयुर्बेद गाउँघर किल्निक तथा नसर्नेरोग ब्यबस्थापन कार्यक्रमलाई प्रभाबकारी बनाईने छ।

२) गाउँपालिकाका वडा वडामा गठन गरिएको नागरिक आरोग्य समूहलाई जडिबुटि, योग तथा आयुर्बेद सम्बन्धी बिभिन्न तालिम दिई टोल टोलमा निरोगि गाउँपालिका अभियान सञ्चालन गरिनेछ।

३) निःशुल्क आयुर्बेद स्वास्थ्य शिबिर, योग तथा ध्यान शिबिर सञ्चालन गरिने छ।

४) आयुर्बेद स्वास्थ्य कर्मीहरुका लागी क्षमता अभिबृदि तालिम कार्यक्रम संचालन गरिनेछ ।

५) आयुर्बेद औषधालयबाट स्नेहन, स्वेदन, कटिबस्ती, जानुबस्ती, नस्य, अभ्यङग, पोटली, योग, ध्यान आदी बिधिबाट उपचार गरिनेछ।

६) आरोग्य केन्द्रलाई प्रवर्धन गरिनेछ।

## २.४ खानेपानी तथा सरसफाई

१) लान्दुक खानेपानी आयोजनालाई गाउँपालिकको खानेपानी क्षेत्रको गौरवको आयोजनाका रुपमा विकास गरीने छ लान्द्रुक, घान्द्रुक, सिम्पाली मराउचे, सल्यान नेपानी आयोजना, ठुलाचौर खानेपानी आयोजना लगायतका आयोजनाहरु समयमै सम्पन्न गरी योजनावाट प्रभावित सवै पालिका वासिलाई सफा र सूरक्षित खानेपानी उपलव्ध गराईने छ।

२) हिमाली भेगमा रहेको पानीको श्रोतहरुको उपयोग गरी हिमाली खानेपानीमा आधारित उद्योगको स्थापना र संचालनलाई प्रोत्साहन गरिनेछ।

३) नागरिकहरुलाई सफा, स्वच्छ र सुरक्षित खानेपानीको व्यवस्था गर्न क्रमिक रुपमा एक घर एक धाराको आयोजनाहरु २ वर्ष भित्रमा सम्पन्न गरी सफा, स्वच्छ र सुरक्षित पिउने पानीको व्यवस्था गरिनेछ।

४) आफ्नो घर, टोल, बस्ती, वडा र गाउँपालिका सफा र सुरक्षित बनाउन पूर्ण सरसफाई उन्मूख योजनालाई कार्यान्वयनमा ल्याइने र सरसफाईका सूचकहरु तोकी कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ।

५) खानेपानीका मुहान र जलाधार क्षेत्रको संरक्षण गरिनेछ।

६) पालिका भित्रका सबै बिद्यालयहरुमा खानेपानी तथा शौचालयको उचित प्रबन्ध मिलाइनेछ।

७) पालिकालाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गरी सफा, सुन्दर र हराभराअन्नपूर्ण अभियान संचालन गरिनेछ।

८) घरमै जैविक तथा अजैविक फोहोर छुट्याई फोहोरमैला संकलन र वर्गीकरण गरि सार्वजनिक-निजी-सामुदायिक साझेदारीमा यसको उचित व्यवस्थापन गरिनेछ। साथै सार्वजनिक स्थानहरुमा इन्सिनेटर र डस्टबिनको व्यवस्था गरि फोहोरमैलाको व्यवस्थापन गरिने छ।

९) बजार क्षेत्र, धार्मिक एबम पर्यटकीय क्षेत्रहरुमा ब्यबस्थित खानेपानी आपूर्ति र ढल ब्यबस्थापनको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१०) बजार क्षेत्र, धार्मिक एबम पर्यटकीय क्षेत्रहरुमा बिभिन्न निकायको साझेदारीमा आधारित सार्वजनिक शौचालय निर्माण गरिनेछ।

११) **आफ्नो टोल नगरौं फोहोर** भन्ने अभियान संचालन गरिनेछ।

## २.५ धार्मिक, साहित्य तथा संस्कृति प्रवर्धन, भाषा संस्कृति

१) गाउँपालिका भित्र परम्परागत प्राचीन मौलिक भाषा भेषभुषा संस्कृती सहित्य संगित गायन र कला क्षेत्रको पहिचान संरक्षण गर्नका लागि गाउँपालिका स्तरीय समिति निर्माण गरी सो समितिलाई परीचालन गरी उल्लेखित क्षेत्रको संरक्षण, जगेर्ना, विकास र प्रवद्र्धनमा जोड गर्दै पुस्ता हस्तान्तरण र मानविय विकासमा समेत समावेस गरिने वातावरण तयार गरिने छ।

२) गाउँपालिकाका विकास निर्माण, भुगोल, पर्यटन, सहित्य, संस्कृती, संगित, गायन लगायत सवै क्षेत्रको प्रचारप्रसारका लागि गाउँपालिकावाट सञ्चार क्षेत्रमा कृयाशिल सञ्चारकर्मीहरुको पहिचान गरी उपयोग, संरक्षण, सम्मान र प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिने छ।

३) घाटु, सोरठी, कृष्ण चरित्र, हरितालिका तिज, ट्होटे पर्व, छ्याड्डु, सरुन नाच, पुख्र्यौली नाच, भजन, चुड्का, रत्यौली, उद्यौली, उभौली, ल्होसार जस्ता सांस्कृतिक सम्पत्ति तथा परम्परागत पञ्चेबाजा तथा अन्य लोकबाजाहरुको संरक्षणमा जोड दिइनेछ।
४) सांस्कृतिक सङ्ग्रहालय स्थापनामा उचित पहल गरिनेछ।
५) पुरातात्विक महत्वको स्थान र सामग्रीको पहिचान तथा संरक्षण गरिनेछ।
६) मौलीक संस्कार संस्कृति संरक्षण गर्नका लागी भजन मण्डली स्थापना गरी टोल टोलमा भजन कृतनको संरक्षण गर्ने निति लिइने छ।
७) परम्परागत पानी घट्ट, ढिकी जाँतोको संरक्षण प्रवर्धन गरिनेछ। साथै परम्परागत आरन सुधारका लागि प्रोत्साहन गरिने छ।
८) गाउँपालिकाको मौलिक पहिचान, भाषा संस्कृति, पर्यटन प्रवर्धन र उत्प्रेरणा गर्ने गरी सन्देश मुलक गित एबम रचनाहरु तयार गरिनेछ।

## २.६ खेलकुद

१) खेल प्रत्यक्ष रुपमा स्वास्थ्यसँग सम्वन्धित हुने हुदा खेलकुद कार्यक्रमलाई दैनिक योगसँग जोडि सवै नागरीकहरुलाई योग सम्वन्धि सचेतना कार्यक्रम सञ्चालन गरिने छ।
२) पालिका भित्र घान्द्रुकमा निर्माण हुने भनिएको हाइ अल्टिच्यूड खेल मैदान निर्माण कार्य अध्ययन गरीने छ। साथै मध्यम स्तरीय हाइ अल्टिच्यूड खेल मैदान निर्माण सम्भाव्यताको अध्ययन गरीने छ।
३) खेलकुदका विभिन्न खेलकुदको विकासका लागि प्रत्येक वडामा **वडा अध्यक्ष संग खेलकुद कार्यक्रम** एबम पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरीने छ।
४) खेलकुदलाई पर्यटनसँग जोड्दै अन्नपूर्ण म्याराथन दौड प्रतियोगिता कार्यक्रमलाई निरन्तरता दिईने छ।
५) युवाहरु लक्षित गरी स्थापना भएका सवै युवाक्लवहरुलाई सहयोग गरी गाउँपालिकाको कुनै स्थानमा एउटा योग र खेलकुद सहितको प्रशिक्षणका लागि प्रशिक्षण केन्द्र स्थापनाका लागी सम्भाव्यताको अध्ययन गरी प्रशिक्षण केन्द्र निर्माण गर्न पहल गरिने छ।
६) वडास्तरीय र विद्यालयस्तरीय खेलकुद तथा विविध रचनात्मक कार्यक्रम तथा प्रतियोगिताहरुको सञ्चालनलाई निरन्तरता दिइनेछ।
७) जिल्ला र राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।
८) संघ तथा प्रदेश सरकारको सहकार्यमा गाउँपालिका भित्र एक बहुउपयोगी खेलमैदान र एक वडा एक खेल मैदान निर्माणका लागि पहल गरिनेछ।
९) खेलकुद क्षेत्रको विकासका लागि राष्ट्रपती कप रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिईनेछ। साथै आगामी आर्थिक वर्षमा अन्नपूर्ण गाउँपालिकाका ११ वटै वडाहरुको सहभागिता हुने गरी पायक पर्ने स्थानमा **अध्यक्ष कप भलिबल/फुटबल प्रतियोगिता** आयोजना गरिने छ।
१०)खेलकुद प्रतियोगिता संचालन गर्ने संघसंस्था, क्लबले रजत र स्वर्ण बर्ष मनाउनका लागि बिशेष निति अवलम्बन गरिनेछ।

## २.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१) उपाध्यक्षसंग महिला कार्यक्रम अन्तर्गत महिलाहरुको शसक्तिकरण, महिलाहरुबीच समन्वय कायम गरी सुमधुर सम्बन्ध स्थापना र रोजगारको लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

२) बहुबिवाह, बालबिवाह, अनमेल बिबाह घरायसीरूपमा हुने सबै प्रकारका लैङ्गिक हिंसा, लैङ्गिक विभेद र सबै प्रकारका कुरीति एवम् कुसंस्कारको अन्त्य गर्न गाउँपालिकाभित्र सञ्चालित वा कार्यरत संघ संस्थाहरुसँग सहकार्य र समन्वय गरी सचेतनाका कार्यक्रमहरु सञ्चालन गरी सामाजिक रुपान्तरण गरिने छ।

३) सबै प्रकारका अपाङ्गता भएका व्यक्तीहरु र गाउँपालिका अन्तर्गतका जेष्ठ नागरीकहरुलाई वितरण गर्दै आएको परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिदैं त्यस्ता व्यक्तीहरुको सामाजिक संरक्षण गरिने छ साथै **जेष्ठ नागरीक सम्मान कार्यक्रम**लाई निरन्तरता दिईने छ।

४) समाज विकास तथा रुपान्तरणको आधा हिस्सा महिला भएकाले सामाजिक नेतृत्वमा ल्याउन उत्प्रेरणा र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। महिलाहरुको समान पहुँचका लागि सामाजिक संघ –संस्था, उपभोक्ता समितिहरुमा निश्चित प्रतिशतको अनिवार्य उपस्थिति बनाउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

५) सबै वडाहरुमा बालक्लब गठन भईसकेको र गाउँपालिका स्तरीय बाल सञ्जाल, किशोर किशोरीहरुको समूह सन्जाल मार्फत बालबालिका र किशोरकिशोरीको शैक्षिक, वौद्धिक र नेतृत्व विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने छ।

६) गरिव, पिछडिएका, दलित, जनजाति महिलाहरुको क्षमता विकास र आय आर्जनमा जोड दिईनेछ। महिलाहरुलाई आय आर्जनसँग जोड्न सीप विकास र क्षमता विकासका कार्यक्रमहरु महिला सन्जाल मार्फत संचालन गरिनेछ।

७) घरेलु तथा सबैखाले हिंसामा परेका महिलाहरुलाई हिंसा मुक्त वनाउन नागरिक सचेतना कार्यक्रम संचालन गरी लैंङ्गिक हिंसा कोष सञ्चालनमा निरन्तरता सहित हिंसा मुक्त गाउँपालिका घोषणा कार्यक्रमलाई योजनाबद्ध रुपमा कार्यान्वयनमा ल्याइनेछ।

८) हिंसामा परेका महिलाहरुलाई कानुनी उपचार र सामाजिक न्यायका लागि कानूनी सचेतनाका साथै महिलाहरुको सशक्तीकरण कार्यक्रम वडास्तरमा निरन्तर सञ्चालन गरिनेछ।

९) आर्थिक, राजनैतिक, सामाजिक रुपले पिछडिएका गरिब विपन्न दलित समुदायको महिलाहरुको क्षमता विकासमा जोड दिंदै महिला संजाल मार्फत हुने सशक्तीकरण सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०) अति विपन्न, असहाय, अनाथ बालबालिका संरक्षण तथा बाल मैत्री कार्यक्रमलाई निरन्तरता दिँदै **बाल कोष स्थापना** गरि सो प्रकारका बालबालिकाहरुको शैक्षिक लगायत क्षमता विकासमा कोष परिचालन गरिने छ।

११) गाउँपालिकाका प्रत्येक वडामा बोक्सी वा समाजमा देखिएका कुप्रथा सम्बन्धि सचेतनामूलक कार्यक्रम ल्याइनेछ।

१२) दलित, आदिवासी, जनजाती सिमान्तकृत वर्गहरुको परम्परागत सीप विकास, भेषभुषा, भाषा लिपि तथा संस्कृतिको संरक्षण गरिनेछ।

१३) गाउँपालिकामा सञ्चालन गरिने हरेक क्रियाकलापमा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता र पहुँच अभिवृद्धि गरी सामाजिक सदभाव कायम गरिने छ।

१४) बालबालिका बचाउ, बाल विकास, बाल सहभागिता र बाल संरक्षणको अधिकारलाई सुनिश्चित गर्दै बालबालिकाको शैक्षिक, बौद्धिक साथै नेतृत्व विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ।

१५) आर्थिक, सामाजिक, भौगोलिक रूपमा पिछडिएका महिलाहरुको लागि आवश्यक क्षमता समानता कायम राख्नु पहिलो प्राथमिकता दिईनेछ।

१६) अन्नपूर्ण गाउँपालिकामा वितरण गरिएका अपाङ्गता परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुलाई प्रोत्साहन स्वरुप आय आर्जनका कार्यक्रममा जोड दिइनेछ।

१७) समाजमा रहेका विभिन्न सामाजिक विभेद न्यूनिकरणका लागि आवश्यक पहल गरिनेछ।

१८) असहाय, अभिभाबक बिहिन (टुहुरा तथा अनाथ) बालबालिकाहरुका लागि छात्रवृत्ती कार्यक्रम सञ्चालन गरिने छ।

१९) महिला र पुरुष बीच समातना ल्याउन समान कामको लागि समान ज्यालामा पहल गरिनेछ।

२०) बालउद्यान पार्क निर्माण गरी बाल प्रतिभा कार्यक्रम संचालन गरी बालश्रममुक्त गाउँपालिका घोषण गरिनेछ

२१) पुर्ण असक्त अपांगत (रातो) र अति असक्त अपांगता (निलो) अपांगता कार्ड प्राप्त गरेका सेवाग्राहीलाई गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु निशुल्क प्रदान गरिनेछ।

२२) **छोरी र बुहारी दुवै बराबरी** नारालाई सार्थक बनाउन बुहारीलाई शैक्षिक तथा आर्थिक रुपमा सबल बनाउने उद्धेश्यका साथ Seed Fund मार्फत सीप सिकाई आर्थिक रुपान्तरण कायम गरिनेछ।

२३) **जेष्ठ नागरिक अनुभवका खानी सम्मान गर्ने बसालौ बानी** भनाईलाई सार्थकता दिन र अग्रजलाई सम्मान नयाँलाई प्रोत्सान गर्न अन्तरपुस्ता सीप अनुभव हस्तारण कार्यक्रम ल्याईनेछ।

२४) जेष्ठ नागरिकहरुलाई समय समयमा निशुल्क स्वास्थ्य परीक्षण शिविर संचालन गरिनेछ। साथै जेष्ठ नागरिक दिवा मिलन केन्द्र संचालनलाई प्रार्थमिकता दिईनेछ।

२५) बालमैत्री स्थानीय शासन घोषणा गर्नको लागि क्रमवद्धरुपमा कार्यक्रमहरु संचालन गरिनेछ।

२६) महिला हरुको मुद्धालाई भाषणमा मात्र सिमित नभई सामाजिक रुपान्तरणका लागि राजनितिक आर्थिक र सामाजिक क्षेत्रमा महिलाहरुको अर्थपुर्ण सहभागीताको वातावरण सिर्जना गरिनेछ।

२७) निशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिदै प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना जगाउने कार्यक्रम ल्याईनेछ।

२८) अपांगताहरुकोलाई अवस्था र क्षमताको आधारमा विभिन्न आर्यआजन र सहजताका लागि विभिन्न साहायक सामग्री र पोषण सामग्री वितरण कार्यक्रमलाई निरन्रता दिइनेछ।

२९) अपांगता भएका व्यक्तिहरु, अभिभावक, संरक्षक र सरोकार निकाय विच समन्वय कायम गर्नको लागि अन्तरक्रिया कार्यक्रमलाई प्रार्थमिकता दिईनेछ।

३०) अपांगता भएका व्यक्तिहरुको लागि स्वास्थ्य परिक्षणको लागि निशुल्क घुम्ती शिविर संचालन गरिनेछ।

## २.८ युवा तथा रोजगार

१) **युवासंग पालिका अध्यक्ष** कार्यक्रम संचालन गरिनेछ। युवाहरुलाई स्वरोजगार अवस्था सृजना गरी बिदेशिन रोक्ने अवस्था निर्माणको लागि आवश्यक पहल गरिनेछ।

२) गाउँपालिकाको विकास निर्माणका कार्यक्रमहरुमा युवा परीचालन हुने वातावरण तयार गरिने छ। साथै युवाहरुमा सकारात्मक विचारको विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरीने छ।

३) पालिका भित्रका युवाहरुको प्रतिभा पहिचानका लागि पालिका स्तरीय विभिन्न **विधामा अन्नपूर्ण तारा** कार्यक्रम सञ्चालन गरीने छ।

४) अन्नपूर्ण वहुप्राविधिक शिक्षालयवाट उपलब्ध हुने तालिमहरु युवा लक्षित वनाई मागमा आधारीत विभिन्न तालिमहरु सञ्चालन गरी सिप युक्त युवा जनाशक्ति उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरीने छ।

५) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई पालिकाका विकास निर्माण कार्यक्रममा साथै उत्पादन मुलका क्षेत्रमा समेत परीचालन गरिने छ।

६) वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन बिउँ पूँजी उपलब्ध गराउने गरी“**युवा स्वरोजगार कार्यक्रम**” कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिनेछ।

७) गाउँपालिकामा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममुलक आयोजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ।

८) दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्धन गर्न आवश्य सीपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ।

९) संघ तथा प्रदेशले ल्याएको रोजगार मुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ।

१०) आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय, निजी, सहकारी तथा गैह्र सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ।

११) श्रम सम्बन्धलाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सिर्जना गरिनेछ।

१२) रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

१३) युवाहरुको समग्र विकासका लागि गाउँपालिका स्तरिय युवा परिषद गठन सम्वन्धी ऐन तथा कार्यविधी निर्माण गरिनुका साथै **युवा परामर्श कार्यक्रम तथा युवा प्रतिभा पहिचान कार्यक्रम** जस्ता नविनतम कार्यक्रमहरु संचालन गरिनेछ।

१४) पालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारलाई समावेशीको न्युनतम मापदण्ड तोकी श्रमिकलाई सञ्चालित आयोजनामा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ।

१५) यवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालनलाई शसक्त रुपमा कार्यान्वयन गरिनेछ।

१६) श्रमको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ।

१७) **युवा उद्दमशिलता विकास कोष** स्थापना गरी युवाहरुलाई उद्यमशिलता मार्फत रोजगारीको सिर्जना गरिने छ।

१८) समृद्धिको लागि युवा तथा श्रमिक कार्यदल बनाई समृद्धिका लागि **श्रम अभियान** संचालन गरिनेछ।

१९) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ। साथै वेरोजगारीहरुको सुचीका आधारमा बजेट विनियोजन गर्ने विधि अपनाइने छ।

२०) रिटर्नीहरुलाई सीपमूलक तालिम एवं विदेशमा रहेर सिकेको सिपलाई उचित प्रयोग गरिने छ र व्यवसायमा प्रोत्साहन गरिने छ।

२१) **एक घर एक सिप** कार्यक्रमलाई शसक्त ढंगले अघि बढाइनेछ।

२२) विद्यालयमा स्काउट गठन गरी विद्यार्थीहरुमा अनुशासन, परिश्रम गर्ने वातावरण निर्माण गरी विद्यार्थीलाई आत्मवल वढाउदै आत्मनिर्भर वनाउन प्रेरित गरिनेछ।

**२.९ अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका तथा एकल महिला सम्बन्धी**

१) अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अनुसार सिप विकास, प्रतिभामा सहयोग,अपाङ्ग परिचयपत्र वितरणलाई सहज तरिकाकाले वितरण गरिनेछ।

२) एकल महिलाको सामाजिक सुरक्षा, मनोवलमा विकास गरी आय–आर्जनमा सहयोग गरिनेछ। एकल महिलाहरुलाई शसक्तिकरण र जिविकोपार्जनका लागी क्षमता विकास र सिप विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३) जेष्ठ नागरिक परिचय–पत्र वितरणको कार्यलाई निरन्तरता दिईनेछ। जेष्ठ नागरिकहरुको आत्मसम्मान र आय–आर्जनका लागि विभिन्न संघ संस्थासँग सहकार्य गरी अघि बढिनेछ।

४) आजका वालवालिका भविष्यका कर्णधार भएकाले वालवालिकाको क्षमता विकास, बहुप्रतिभाको विकास गराउन वालवालिका संजाललाई क्रियाशील बनाउन कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५) बालउद्यान तथा पार्क निर्माण गरी वाल प्रतिभा कार्यक्रम सञ्चालन गर्ने र साथै वालश्रम मुक्त गाउँपालिका घोषणा गरिनेछ।

६) जेष्ठ नागरिकहरुको लागि **दिवा सेवा केन्द्र** स्थापनामा पहल गरिनेछ।

## २.१० सुरक्षित आप्रवासन कार्यक्रम

१) वैदेशिक रोजगारीलाइ सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउन थप पहल गरिनेछ। त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाइ थप व्यवस्थित बनाइनेछ। अन्नपूर्ण गाउँपालिकाका बासिन्दालाइ विदेशमा काम लाग्ने खालको सीप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावारण तयार गरिनेछ।

२) वैदेशिक रोजगारीमा जान लागेका र गइसकेकाहरुलाइ आफ्नो एक प्रति कागजात घरमै राख्न र विदेशबाट पठाउन प्रोत्साहन गर्ने नीति लिइनेछ। जसले गर्दा कुनै समस्या परेमा उद्धार राहत तथा समन्वयमा सहजता हुनेछ।

३) वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरुको सीप, पूँजी र प्रविधिको उच्चतम प्रयोग गरी पालिकाको आर्थिक वृद्धिमा टेवा पुर्याइनेछ। उनीहरुको सीप परीक्षण तथा त्यसका लागि आवश्यक कार्यक्रम तथा नीतिको व्यवस्था गरी पुन एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

४) वैदेशिक रोजगारीको क्रममा आमा वा बाबु गुमाएका परिवारका सन्तानहरुले वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्राप्त गर्ने पूर्ण आर्थिक सहायता तथा छात्रवृत्ती सहायता प्राप्त गर्न आवश्यक सहजीकरण गरिनेछ।

५) सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामुलक होर्डिङ बोर्डहरु तथा ब्यानरहरु विभिन्न स्थानमा राख्ने व्यवस्था गरिनेछ।

६) स्थानीय तहबाट नै श्रम स्वीकृतीको प्रक्रियालाइ अझै प्रभावकारी र सेवाग्राही मैत्री बनाइनेछ।

७) मनोसामाजिक परामर्श कार्यक्रमलाइ बिद्यालयका बालबालिकाहरुसम्म पुर्याउने कार्यको शुरुवात गरिनेछ।

८) बैदेशिक रोजगारीको क्रममा दुर्घटना तथा मृत्यु भएका कामदारका परिवारको आर्थिक सहायताको लागि आवश्यक सहजीकरण गरिनेछ।

९) गाउँपालिका स्तरीय **आप्रवासी कामदार संजाल** लाई थप सशक्तीकरण गरिनेछ।

# ३. सुशासन, संस्थागत विकास तथा सेवाप्रवाह

## ३.१ संस्थागत तथा सुशासन

१) यस गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्थालाई जनमुखी तुल्याउँदै **नागरीकमैत्री सेवा प्रवाह**को वातावरण सृजना गरिनेछ।

२) यस गाउँपालिकामा कानुनी शासनको प्रणालीलाई स्थापित गर्नको लागि स्थानीय तहलाई प्रदत्त कानून निर्माण अधिकारभित्र रही सङ्घीय र प्रदेशसँगको तादात्म्यता अनुरुप सुशासन व्यवस्थापन तथा संचालन

लगायत आवश्यक कानून तथा कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ। सोको लागि विशेषज्ञ सेवा समेतको उपयोग गर्ने नीति लिईनेछ।

३) हाल सम्म राजपत्रमा प्रकशित कानूनहरुको कार्यान्वयनको अवस्थालाई विश्लेषण गरी आवश्यकता अनुसार संशोधन र नयाँ कानून निर्माणमा जोड दिईनेछ।

४) **"म सेवा गर्छु"** भन्ने नारा सहितको हेल्प डेक्स (सेवाग्राही सहायता कक्ष) को व्यवस्था गरी सेवा प्रवाहलाई सहज तथा प्रभावकारी वनाईनेछ।

५) सार्वजनिक सेवा प्रवाहको लागि आवश्यक फारमहरुको ढाँचा तयार गरी वेवसाईटमा राख्ने व्यवस्था मिलाईनेछ।

६) गाउँपालिकाको समग्र विकासको लागि क्षेत्रगत रुपमा **विज्ञ समुह गठन** गरी विज्ञ समुह परिचालनलाई निरन्तरता दिईनेछ।

७) सेवाग्राहिको चापलाई मध्यनजर गरी सेवा प्रवाहको लागि **विधुतिय टोकन प्रणाली** लागु गरिनेछ।

८) सामाजिक सुरक्षा भत्तालाई नागरिकको घर दैलोमा पुर्याउनका लागि सम्वन्धित वैंकसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाईनेछ।

९) विधुतीय गुनासो व्यवस्थापन प्रणालिलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१०)कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत एवम् सबै कर्मचारीहरु बीच कार्यसम्पादन करारको सम्झौता गरी सेवा प्रवाहलाई थप प्रभावकारी एवम् नतिजामुलक बनाइने छ। साथै कर्मचारीको मनोबल उच्च राख्न कर्मचारीको **क्षमता अभिवृद्धि, पुरस्कार, सम्मान र प्रोत्साहन** समेतको व्यवस्था मिलाइने छ। "Right man in Right place" को नीति अवलम्बन गरिने छ।

११)प्रत्येक आर्थिक वर्ष पालिकाबाट सम्पादित कार्य प्रगतिको समिक्षा र चौमासिक रूपमा सार्वजनिक सुनुवाई गरी जनताप्रतिको जवाफदेहिता र उत्तरदायित्व बहन गर्ने कार्यलाई निरन्तरता दिईने छ। जनताको घरदैलोमा सेवा उपलब्ध गराउनका लागि विभिन्न समयमा घुम्ती सेवा सञ्चालनलाई निरन्तरता दिईनेछ

१२)गाउँपालिकाको क्षमता विकास योजना कार्यन्वयन मार्फत कर्मचारी तथा जन-प्रतिनिधीहरुको क्षमता अभिवृद्धि गरिनेछ।

१३)गाउँपालिका केन्द्र तथा मातहतका सबै वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्रको व्यवस्था गरी सेवाग्राही प्रति उत्तरदायी संयन्त्रको विकास गर्दै लगिनेछ।

१४)गाउँपालिकाका सेवाग्राहीहरुको सम्मान गर्दै नेपाल सरकारको सुशासन सम्बन्धी **"म भ्रष्टचार गर्दिन, म भ्रष्टचार हुन दिन्न र जनताका लागि इमान्दार भएर काम गर्नेछु"** भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गर्दै गाउँपालिकाबाट हुने सबै सेवाहरु छिटो, छरितो र भ्रष्टचार रहित तुल्याउँदै भ्रष्टचारमा शुन्य सहनशिलता कायम गरिनेछ।

१५)गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गर्दै उनिहरुको मनोवल उच्च राखी काम प्रतिको प्रतिवद्धता र जवाफदेहिता वनाउदै नागरिक सेवाको गुणस्तरमा सुधार गर्न समयसापेक्ष रुपमा प्रोत्साहन र थप सेवा सुविधा उपलव्ध गराउदै जाने नीति लिईने छ।

१६)गाउँपालिका अध्यक्ष/उपाध्यक्ष/वडाध्यक्ष बाट साप्ताहिक, मासिक, त्रैमासिक, अर्धबार्षिक एवं बार्षिक कार्यप्रगतिको समीक्षा गरिने छ।

१७)गाउँसभा सञ्चालन मार्फत स्थानीय लोकतन्त्रको सुदृढिकरणमा जोड दिइने छ । प्रमुख मुद्दाहरुमा राजनैतिक सहमति र सहकार्य गरिने छ।

१८)गाउँपालिकाको स्पष्ट खाका र कार्यदिशा कोर्ने गरी बिज्ञहरुको सहभागितामा २० बर्षे सोच, लक्ष्य, भिजन, मिसन सहित प्रत्येक पाँच बर्षको अन्तरालमा पालिकाको विकासको स्तरलाई कुन स्थानमा पुर्याउने स्पष्ट मार्गनिर्देश सहित **"भिजन-२०"** दिर्घकालिन गुरुयोजना निर्माण गरिनेछ।

१९)अन्नपूर्ण गाउँपालिकाभित्र कुनै पनि कार्यक्रममा आयातित ब्याच, खादा र मालाको प्रयोगलाई निषेधित गरिनेछ। स्थानिय उत्पादित सामानहरुलाई प्रोत्साहन गरिनेछ।

२०)**अन्नपूर्ण गाउँ, हामी आफैं बनाउँ** अभियान संचालन गरिनेछ।

२१)उपभोक्ता सचेतना कार्यक्रम संचालन गरिनेछ।

## ३.२ न्यायिक समिति

१) गाउँपालिकावासी नागरीकहरुका बीचमा सामाजिक सदभाव र मेलमिलाप कायम गर्न न्यायिक समितिमा पर्न आएका बिबादहरुको निष्पक्ष र प्रभावकारी निरुपण गर्नका लागि न्यायिक समितिको शसक्तिकरण गर्दै गाउँपालिका अन्तर्गत सूचिकृत मेलमिलापकर्ताहरुलाई सामाजिक सदभाव र मेलमिलाप कायम गर्ने दुतको रूपमा प्रयोग गरी न्याय सम्पादन गरिनेछ।

२) न्यायिक समितिको क्षमता अभिवृद्धिका लागि प्रशिक्षण समेतका कार्यक्रम संचालन गरिनेछ।

३) वडा मेलमिलाप केन्द्रहरुको भौतिक ब्यबस्थापन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ। न्यायिक समिति सदस्य र मेलमिलापकर्ताहरुको क्षमता विकासका लागि पुर्नताजगी तालिमको सञ्चालन गरिनेछ।

४) कानुनी सचेतना र कानुन सम्वन्धी अभिमुखीकरण गर्न आधारभूत र माध्यमिक विद्यालका विद्यार्थीहरु, टोल सुधार समिति, आमा समूह, युवा क्लवका सदस्यहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

५) न्यायिक समितिमा प्राप्त हुने उजुरीको शिघ्र एबम प्रभाबकारी रुपमा समाधान गर्नको लागि निश्चित दिन तय गरी नियमित रुपमा इजलास संचालन गर्ने ब्यबस्था मिलाइनेछ।

## ३.३ सुचना तथा संचार प्रविधि

१) सार्वजनिक सेवा प्रवाहलाई कागज रहित बनाई **विद्युतिय शासन पद्धति**को क्रमश लागु गर्दै जाने नीति अबलम्बन गरिनेछ।

२) गाउँपालिका भित्र रहेका सम्पूर्ण शिक्षा तथा स्वास्थ्य संस्था प्रविधि मैत्री बनाउन निःशुल्क इन्टरनेट जडानको सरकारी नीतिलाई आत्मसाथ गर्दै क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिनेछ।

३) गाउँपालिकाद्वारा सुरुवात गरिएको प्रबिधि मैत्री पालिका निर्माण अभियानबाट आम सर्व साधारणले समेत लाभ लिने गरी अनलाइन राजश्व,योजना प्रणाली,साइबर सचेतना लगायतको बिषयमा डिजिटल साक्षरता कार्यक्रम संचालन गरिनेछ।

४) पर्यटक सूचना केन्द्रलाई आवश्यक प्राबिधिक सपोर्ट सहित अत्याधुनिक प्रबिधि युक्त पर्यटन सूचना केन्द्रको रुपमा स्थापनामा जोड दिइनेछ।

५) गाउँपालिका भित्रिने आन्तरिक तथा बाह्य पर्यटकको पर्यटन तथ्यांक संकलनको लागि पर्यटन तथ्यांक ब्यबस्थापन प्रणाली बिकास गरी बिरेठाँटी स्थित पर्यटक सूचना केन्द्र र छोम्रोंङमा स्थापना हुने हेल्प डेस्क मार्फत कार्यान्वयनमा ल्याइने छ ।

६) गाउँपालिकाद्वारा संचालन गरिने बिभिन्न योजनालाई प्रभाबकारी रुपमा अनुगमनको लागी सूचना प्रविधिको प्रयोग मार्फत योजना व्यवस्थापन तथा अनुगमन प्रणालीलाई थप ब्यबस्थित बनाइने छ ।

७) डिजिटल श्रोत नक्सांकन सहितको अनलाइनमा आधारित एकिकृत भौगोलिक सूचना प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ । साथै हरेक बर्ष निर्माण हुने आयोजनाहरुको जिआइएस दस्ताबेजिकरणलाई थप प्रभाबकारी बनाइनेछ ।

८) गाउँपालिकासंग सम्बन्धित सम्पूर्ण तथ्यांक एकै ठाउँबाट प्राप्त गर्न सकिने गरी ओपन डाटाको अवधारणामा **डाटा बैंक** पोर्टल स्थापना गरिनेछ । साथै भिजन २० ले निर्देश गरे अनुसार **योजना बैंक** पोर्टल स्थापना गरी संचालनमा ल्याइनेछ ।

९) कार्यालयका दस्ताबेज अभिलेखीकरण र आन्तरिक प्रबलिकरण एबम सेवा प्रबाहमा सूचना प्रविधिको प्रयोग गरिनेछ ।

१०)कार्यालयसंग सम्बन्धित बिभिन्न सूचना प्रणाली तथा तथ्यांकको ब्यबस्थापन, भण्डारण एबम सुरक्षणलाई संघीय सरकारको डाटा सेन्टर तथा क्लाउडको प्रयोग मार्फत थप प्रभावकारी बनाइने छ ।

११)गाउँपालिकाका सूचना, नीति, योजना, कार्यक्रम, बजेट, ऐन प्रतिवेदन लगायतका महत्वपूर्ण जानकारीलाई वेबसाइट र मोबाइल एप्सको माध्यमबाट पारदर्शि रूपमा प्रकाशित गरिनेछ ।

१२)पालिकालाई पेपरलेस र फेसलेस बनाउने नीति अवलम्बन गरिनेछ ।

१३) मोबाइल नेटवर्कको पहुँचबाट टाढा रहेको स्थानमा नेपाल टेलिकमसंगको समन्वयमा BTS टावर राख्नको लागि पहल गरिने छ ।

१४) सेवा प्रबाह हुने कार्यालय, पर्यटकीय स्थल, बजार क्षेत्रमा वाईफाई फ्री जोन स्थापना गरिनेछ ।

१५)गाउँपालिकामा प्रयोग भएका र हुने सम्पूर्ण प्रणालीहरुलाई एकरुपता कायम गर्न गभर्नमेन्ट इन्टरप्राइज आर्किटेक्चर फ्रेमवर्क(Government Enterprise Architecture Framework ) को अवलम्वन गरिनेछ ।

१६)गाउँपालिका वाट हुने सम्पूर्ण भुक्तानीको लागि इलेक्ट्रोनिक फण्ड ट्रान्सफर (Electronic Fund Transfer-EFT) को कार्यान्वयनलाई निरन्तरता दिईने छ ।

१७) वडा कार्यालय, स्वास्थ्य संस्था र बिद्यालयहरुमा विद्युतीय हाजिरी जडान गरी पालिकाबाटै प्रतिवेदन हेर्ने ब्यबस्था मिलाइनेछ ।

१८) समयमै कर नतिर्ने परिपार्टी अन्त्य गर्न सिफारिस र कर दाता प्रणाली आबद्ध गरी कर तिरे पछि मात्र सिफारिस उपलब्ध गराउने ब्यबस्था मिलाइनेछ ।

१९) प्रबिधिमैत्री पालिका निर्माण अभियानलाई निरन्तरता दिइनेछ ।

## ३.४ राजश्व

१) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थिक रूपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले कर तथा सेवा शुल्कका दरहरु निर्धारण गरिनेछ ।

२) गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ। साथै यस गाउँपालिका अन्तर्गत सञ्चालित हाइड्रोपावर कम्पनीहरुले उपयोग गर्ने नदीजन्य तथा अन्य प्राकृतिक स्रोत सामाग्रीहरुको उपयोग गरे बापतको कर गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दरमा असुली गर्नको लागि आवश्यक पहल गरिनेछ।

३) अपाङ्गता भएका व्यक्तिहरु, एकल तथा विधवा महिलाहरुलाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा ५० प्रतिशत छुट दिइनेछ।

४) गाउँपालिका अन्तर्गतका करदाताहरुलाई प्रोत्साहन गर्ने वातावरणका साथ सबैभन्दा बढी कर तिर्ने **करदातालाई सम्मान** गरिनेछ भने समयमा कर नतिर्नेलाई थप जरिवाना गर्दै लामो समय कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सबै सेवा सुविधा रोक्का गरिनेछ।

५) राजश्व प्रशासनको प्रभावकारिताको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाइनेछ।

६) अस्थायी प्रकृतिका हाट बजार तथा मुख्य बजार भित्रको पार्किङ शुल्कलाई उचित व्यवस्थापन गर्न स्थानीय क्लब, टोल विकास संस्था लगायतका संघ संस्थाहरुसँग सहकार्य गरिनेछ।

७) **"अन्नपूर्ण समृद्धिको लागि नियमित तिरौं करः तिरेको कर विकास मार्फत फर्किन्छ घर घर"** मान्यताका साथ प्रत्येक वर्ष सबै वडामा करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर सङ्कलन सप्ताह अभियानका रूपमा सञ्चालन गरिनेछ।

८) कर प्रणालीलाई व्यवस्थित गर्न प्रविधिको प्रयोगलाई निरन्तरता दिइनेछ।

९) घरमै बसेर इसेवा,कनेक्ट आइपिएस,क्यु आर कोड मार्फत कर तिर्न सकिने ब्यबस्थालाई टोल टोलमा अभियान संचालन मार्फत थप प्रभाबाकरी बनाइनेछ।

१०)गाउँपालिका भित्र भाडा प्रयोजनका लागि प्रयोग भएका सवै भवनहरुलाई आर्थिक ऐनमा भएको व्यवस्था वमोजिम वहाल करको दायरामा ल्याई घर वहाल करलाई व्यवस्थित गर्न विशेष पहल गरिनेछ।

११)गाउँपालिका भित्र उत्सर्जन भएका कवाडी सामग्रीहरुलाई व्यवस्थित गरी सरसफाईमा जोड दिन ठेक्का प्रकृया अवलम्वन गरी करको दायरामा ल्याईनेछ।

१२)राजश्व सुधार कार्य योजना कार्यान्वयन मार्फत करको दर यथावत राखी दायराहरु वृद्धि गर्दै लगिनेछ।

### ३.५ अन्तर पालिका भगिनी सम्बन्ध

१) देश भित्रका विभिन्न पालिकाहरु सँग समन्वय, सहकार्य गरी भौतिक पूर्वाधार, फोहोर मैला व्यवस्थापन, कृषि उत्पादन, बजारीकरणका निम्ति भगिनी सम्बन्ध अगाडि बढाइनेछ।

### ३.६ गै.स.स, निजि क्षेत्र

१) यस गाउँपालिकाभित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवमं गैर सरकारी संस्थाहरुसँग सामाजिक विकासमा साझेदारी गर्दै ती संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउन पारदर्शि र व्यवस्थित रूपमा परिचालन गर्न **NGO डेस्क स्थापना** गरी सबै कार्यक्रमहरुलाई गाउँपालिका मातहतमा ल्याईनेछ।

२) गाउँपालिका सँग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय, गै.स.स. सँगको सहकार्यलाई उच्च प्राथमिकता दिई स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतका आधारमा

विकास गतिविधिमा गै.स.स. सँग सहकार्य गरिने छ। साथै अनुभव आदानप्रदान, असल सिकाई अवलम्बन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरिने छ।
विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई वास्तविक कार्यनीतिमा परिणत गरिने छ, विकास निर्माणमा जनसहभागिता र निजि क्षेत्रको भूमिका समेत स्थापित गर्दै लगिनेछ।

## ४. पूर्वाधार विकास

### ४.१ सडक पूर्वाधार

१) एक गाउँ एक सडक निर्माण कार्यलाई निरन्तरता दिई अधुरा रहेका सडक ट्र्याकहरुको पूर्णताका साथै गाउँपालिका केन्द्र एवम् मध्य पहाडी लोकमार्ग देखि वडा केन्द्रहरु जोड्ने रणनीतिक महत्वका सडकहरु स्तरोन्नती गरी बाह्रै महिना सञ्चालन हुने अवस्थामा ल्याइने छ।

२) सडक निर्माण र स्तरोन्नती गर्दा रणनीतिक महत्वका सडकहरु खास गरी ग्रामिण यातायात गुरुयोजना अनुसार क,ख र ग श्रेणीका सडकहरुलाई प्राथमिकताका आधारमा रकम विनियोजन गरी अत्यावश्यक बाहेक नयाँ ट्र्याकहरु नखोल्ने र हाल रहेका सडकहरुको स्थायी पक्की संरचनाहरु निर्माण र स्तरोन्नतीमा जोड दिइने छ। सडक निर्माण गर्दा Bio Engineering लाई समेत प्राथमिकता दिईनेछ।

३) स्थानीय सडक यातायात सञ्चालनका लागि सहज र सरल पुर्याउन पालिकाभित्रका गाउँ/टोल/बस्तीहरु जोड्ने सडकहरुमा दिर्घकालीन रूपमा हुन सक्ने सवारी चापको गहिरो अध्ययन गरी सडकहरुको मापदण्ड (Right of the way) तोकिनेछ र सो अनुसार साँघुरा सडक चोक एवमं घुम्तीहरुको विस्तार गर्नुका साथै सडकको राष्ट्रिय मापदण्ड र स्थानीय मापदण्ड पूर्ण रूपमा पालना गराईनेछ।

४) नियमित रुपमा सुचारु गर्नको लागि सडक मर्मतको लागि कोष खडा गरिनेछ। साथै सडक हेरालु मार्फत नाला सरसफाई एबम मर्मतको काम नियमित गराइनेछ।

५) मध्यपहाडी लोकमार्ग सम्मको आवागमनलाई बर्षादको समयमा समेत नियमित रूपमा सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार कोषको स्थापना गरी यही कोष मार्फत लिंक रोडको रूपमा रहेका कमजोर सडकहरुको नियमित र अद्यावधिक मर्मत सम्भारको व्यवस्था मिलाइनेछ। यसको लागि सम्भाव्य स्थानहरुमा सडक मर्मत सम्भार शुल्कलाई प्रयोगमा ल्याइनेछ।

६) अन्नपूर्ण गाउँपालिकाका सबै वडाहरुलाई जोड्ने गरी प्रस्ताव गरीएको अन्नपूर्ण बृहद चक्रपथ सडक निर्माण आयोजनालाई यस गाउँपालिकाको गौरवको आयोजनाको रूपमा सञ्चालन गरिनेछ। उक्त आयोजनाको बीच बीचका जोड्न बाँकी लिंक पोइन्टका दुई नाकाहरुलाई जोड्ने र समग्र सडकको स्तरोन्नती गर्ने कार्य सङ्घीय सरकार एवमं प्रदेश सरकारसँगको समन्वयमा विशेष प्राथमिकताका साथ अगाडि बढाइनेछ। चक्रपथ अन्तर्गत पर्ने मुख्य सडकहरु जस्तै लुम्ले-तान्चोक-भिचुक-लान्द्रुक सडक, विरेठाटी-तिखेढुङ्गा-उल्लेरी मुक्ती मार्ग सडक, काडे-भदौरे-सल्यान सडक, ढिकुरपोखरी धारापानी-भदौरे-सल्यान सडक, नागडांडा-अधिकारी डांडा-कार्कीको टहरा सडक, नयाँ पुल-घान्द्रुक सडक, विरेठाँटी-मोहरीया-फुलिवाङ सडक, हाईवे-झोवाङ-लुयरा-पुरानो गाउँ-हुलाक सडक, नागडाडा-सेराचौर-सौरेनी-ठुलाचौर-भदौरे सडक, छवी स्मृती सडक आदिलाई कालोपत्रे तथा ढलान गर्न सुरु गरिनेछ। चक्रपथ अन्तर्गत पर्ने सडकका कठिन घुम्ती र हिलो भईरहने सडक खण्डलाई प्राथमिकता दिई यातायातलाई १२ महिना सहज वनाईनेछ।

७) पालिका भित्र पर्ने खोला तथा खोल्साहरुमा पक्की मोटरेबल पूल आवश्यक रहेका सम्भाव्य क्षेत्रमा पक्की पूल निर्माणका लागि यस वर्ष डिपिआर तयार गरी प्रदेश सरकार र सङ्घीय सरकारसँगको समन्वयमा अन्य आवश्यक प्रकृयाहरु अगाडि बढाइनेछ।

८) सवारी चाप रहने स्थानीय सडकहरुको नियमित मर्मत सुधारको लागि स्थानीय सडक मर्मत सुधार सवारी कर लिइने नीति अवलम्बन गरिनेछ।

९) हाइवे झोबांग, लुएरा पुरानो गाउँ गैराथोक झारकोट, काफलबोट, उल्लेरी कृषि सडकको रुपमा स्तरोन्नतीको निम्ति पहल गरिनेछ।

१०)पोखरा बागलुङ बसपार्क देखि सरांगकोट,कास्कीकोट , सिम्पाली सेराचौर,पाउदुर हुँदै सल्यान जोड्ने कृषि सडकको स्तरोन्नतीको निम्ति पहल गरिनेछ।

११)बाटो लगत कट्टा प्रकृयाको सुरुवात गरिनेछ।

१२)स्थानीय श्रममा आधारित सडक निर्माणलाई प्राथमिकता दिइने छ । पालिका भित्रका विकास आयोजनाहरुमा अत्यावश्यक बाहेक डोजरको प्रयोग गरिने छैन।

## ४.२ भवन आवास तथा सहरी विकास

१) गाउँपालिका भित्र निर्माणाधिन संरचनाहरुलाई व्यवस्थित गर्नका लागि भवन निर्माण तथा योजना मापदण्ड २०७२ को अधिनमा रही गाउँपालिकाको आफ्नै भवन निर्माण तथा योजना मापदण्ड तय गर्ने, सडकहरुको क्षेत्राधिकार र मापदण्ड तोक्ने र भवन संरचनाहरु निर्माण गर्दा अनिवार्य रूपमा घर नक्सा पास गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिने छ।

२) गाउँपालिका केन्द्र भवन निर्माण र अधुरा वडा कार्यालयका भवनहरु निर्माण कार्यलाई निरन्तरता दिईनेछ । सङ्घीय र प्रदेश सरकारको समन्वयमा गाउँपालिकाको प्रशासनीक भवन र प्रहरी चौकी भवन निर्माण गरिने छ। साथै श्रोतको पहिचान गरी उपयुक्त स्थानमा जग्गा व्यवस्थापन गरी पालिका स्तरिय बहुउद्देश्यीय भवन निर्माण गर्ने नीतिलाई अङ्गिकार गरिने छ।

३) भुकम्प पछिको तथा मनसुनजन्य, आगलागी तथा जोखिम नियन्त्रण एबम पूननिर्माण कार्यक्रमलाई निरन्तरता दिदै निजि आवास निर्माण अन्तर्गतका लाभग्राहीहरुलाई पूर्न निर्माण प्राधिकरणको मापदण्ड पुरा गराई बाँकी किस्ता रकम प्राप्तीका लागि सिफारिस एवमं समन्वय गरिने र गुनासो सुनुवाई पश्चात लाभग्राहीमा समावेश रहेकाहरुको विवरण अनुसारका लाभग्राहीहरुलाई भवन निर्माण तथा मर्मत समयमै गर्न लगाई पुनः निर्माणको कार्यलाई प्रभावकारी रूपमा  समयमै कार्यान्वयन गराउनका लागि आवश्यक पहल गरिनेछ।

४) गाउँपालिका भित्रका गरीब, विपन्न, दलित, जनजाति र सिमान्तकृत समुदायका लागि सुरक्षित आवासको व्यवस्थाका लागि चालु आ.ब. बाट सञ्चालित जस्तापाता अनुदान उपलब्ध गराई निजहरुको छाना जस्तापाताद्धारा विस्थापित गर्ने कार्यक्रमलाई निरन्तरताका लागि आवश्यक पहल गरिनेछ । सुरक्षित आवास कार्यक्रम र प्रदेश सँगको समन्वयमा सञ्चालित जनता आवास कार्यक्रमलाई निरन्तरताका लागि आवश्यक पहल गरिनेछ।

५) गाउँपालिका भित्रका मुख्य बजार केन्द्रको रूपमा रहेका नागँडाडा, काँडे, लुम्ले, नयाँपूल, बिरेठाँटी, घान्द्रुक, तिखेढुङ्गा लगायतका स्थानहरु विस्तारै शहरीकरण तर्फ उन्मुख रहेकाले सो क्षेत्रहरुमा संघ तथा प्रदेश सरकार संगको समन्वय तथा स्थानीय समुदायको सहभागितामा शहरी सेवा सुविधारहरु विस्तार गरिने छ । साथै मध्यपहाडी लोकमार्ग एवमं उल्लेखित सहरी क्षेत्र लगायतका क्षेत्रहरुमा सडक सौर्य बत्ती जडान, घुम्तीमा Turning Mirror, Road Safety Sign राख्ने, सार्वजनिक शौचालय निर्माण गर्ने र आवश्यक स्थानमा यात्रु प्रतिक्षालय निर्माण कार्यलाई सुरुवात गर्ने नीति लिईनेछ।

६) गाउँपालिकाबाट निर्माण गरिने भवन लगायतका भौतिक संरचनाहरु लैंगिक, बालिबालिका तथा अपांगमैत्री र भुकम्प प्रतिरोधी बनाउनुका साथै भवन आचारसंहिताको परिपालना गरिनेछ।

७) सामुदायिक भवनहरु निर्माण गर्दा प्रत्येक वडाहरुमा त्यहाँ क्रियाशिल टोल विकास समिति, आमा समूह, युवा क्लब लगायतका विभिन्न संघसंस्थाहरुले आ-आफ्नो छुट्टाछुट्टै भवन निर्माण नगरी एकिकृत रूपमा बहुउद्देश्यीय प्रयोजनका लागि उपयोग गर्ने र समूहगत आर्थिक सामाजिक गतिविधि सञ्चालन गर्ने गरी निर्माण गर्ने नीतिलाई अङ्गिकार गरिनेछ।

८) पूर्वाधार संरचनाहरु निर्माण गर्दा गुणस्तरीयता कायम गर्नुका साथै समयमै निर्माण कार्य सम्पन्न गर्नका लागि स्थानीय श्रममा आधारित निर्माणका कामहरु उपभोक्ता समिति मार्फत गर्ने र ठुला संरचनाहरु निर्माण गर्दा ठेक्का प्रकृयाबाट निर्माण गरिने नीतिलाई अङ्गिकार गरिनेछ।

९) भौतिक पूर्वाधार अभाव भएका विद्यालयहरुको भवन निर्माण लगायतका पूर्वाधार संरचनाहरु (शौचालय, पुस्तकालय, छात्रछात्रावास, कम्पाउण्डीङ, खेलमैदान) को निर्माण कार्यलाई सङ्घ, प्रदेश र अन्य दातृ निकायहरुसँगको सहकार्यमा निरन्तर अगाडि बढाईनेछ। माछापुच्छ्रे मा.वि. को नमुना विद्यालय अन्तर्गत पूर्वाधार संरचनाहरु निर्माणको लागि विगत वर्ष देखिको कार्यलाई निरन्तर रूपमा अगाडि बढाउदै नमुना विद्यालयको अवधारणालाई पूर्णता दिईनेछ।

१०) जनतामा आधारभूत तथा विशेष स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि गाउँपालिकाभित्र १५ शैयाको अस्पताल, मध्यपहाडी लोकमार्गमा हाइवे अस्पताल र आवश्यक स्वास्थ्य चौकी भवनहरु, आधारभूत स्वास्थ्य सेवा केन्द्रका भवनहरु र खोप केन्द्र भवन निर्माण कार्यलाई संघ र प्रदेश सरकारको समन्वयमा प्राथमिकताका साथ अगाडि बढाइनेछ।

११) भौगोलिक विकटता र छरिएर रहेका बस्तीका कारण विकास निर्माण र सेवा प्रवाह दुबै खर्चिलो र प्रभावकारी हुन नसकेको हुँदा छरिएर रहेको बस्तीलाई एकिकृत गर्न सम्भाव्य स्थानहरुमा गण्डकी प्रदेशसँगको समन्वयमा एकिकृत बस्तीविकास योजना प्रारम्भ गरिने छ।

## ४.३ जलश्रोत तथा सिंचाई

१) सिंचाई परियोजनाहरुमा सोलार लिफ्टीङको सम्भाव्यता अध्ययन गरिनेछ।

२) गाउँपालिका भित्रको जलश्रोतको उपयोगबाट जलविद्युतको संभावनालाई उजागर गर्नका लागि लगानीकर्ताहरुलाई उपयुक्त स्थानहरुमा हाइड्रोपावर सञ्चालनमा आकर्षित गर्ने र एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्न उपयुक्त स्थानहरुमा संयुक्त लगानीमा साना जलविद्युत आयोजनाहरु प्राथमिकताका साथ सञ्चालन गर्ने नीति अङ्गिकार गरिनेछ।

३) उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी जनताको आर्थिक सामाजिक अवस्थामा सुद्दढिकरणका लागि पालिका अन्तर्गत खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउन साना, मझौला र ठूला सिंचाई आयोजनाहरु सञ्चालन गरिने छ। साना स्तरका सिंचाई आयोजनाहरु गाउँपालिकाबाट नै निर्माण गरिने र मझौला तथा ठुला स्तरका सिंचाई आयोजनाहरु प्रदेश र सङ्घीय सरकारको समन्वयमा सम्पन्न गरी सिंचित भूमिमा उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

## ४.४ बिद्युत तथा संचार

१) विद्युत प्रशारण लाइनको केन्द्रीय लाइनमा आवद्ध हुन बाँकी वडा एवम् टोलहरुलाई केन्द्रीय प्रशारण लाइनमा आवद्ध गराउनका साथै विद्युतको पहुँच पुग्न नसकेका घर परिवारहरुलाई विद्युत सेवामा आवद्ध गराइनेछ। साथै प्रदेश सरकार तथा नेपाल विद्युत प्राधिकरणको समन्वयमा यस गाउँपालिका भित्र रहेका पुराना जिर्ण काठे पोलहरुलाई फलामे पोलद्धारा विस्थापित गरिनेछ ।

२) यस गाउँपालिकाका सबै गाउँ टोल बस्तीसम्म संचार क्षेत्रको बिस्तार गरिनेछ। टेलिफोन नेटवर्क सेवा प्रभावकारी हुन नसकेका क्षेत्रहरुमा नेपाल टेलिकम लगायतका सम्बन्धित निकायहरुसँग समन्वय गरी टेलिफोन सेवा प्रभावकारी बनाइनेछ।

३) नेपाल विद्युत प्राधिकरणको समन्वयमा अन्नपूर्ण गाउँपालिका भित्रका सम्पूर्ण घर परिवारको विद्युतिकरणमा जोड दिइने छ। जनताको समेत लगानीमा साना जलविद्युत तथा वैकल्पिक उर्जा उत्पादन आयोजना सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ।

## ४.५ अन्य पूर्वाधार बिकास

१) **हाम्रो वडा हामी बनाउछौं** भन्ने अभियान वडा वडामा संचालन गरिनेछ।

२) गाउँपालिका अन्तर्गत निर्माण हुने ठुला आयोजनाहरुको कार्यान्वयन अगाडि सम्भाव्यता अध्ययन एवमं वातावरणीय प्रभावको समेत अध्ययन एवमं बिश्लेषण गरी मोटरेबल पूलहरु तथा ठुला संरचना भवन एवमं पार्कहरु निर्माण गर्दा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी सोको आधारमा मात्र निर्माण कार्य अगाडि बढाइनेछ।

३) ग्रामिण क्षेत्रका गाउँ बस्ती हुँदै खेत जंगल जोड्ने परम्परागत गोरेटो, घोडेटो लगायतका सिंढीबाटाहरु र पर्यटकीय क्षेत्रका पदमार्गहरुलाई परम्परागत पहिचान गरी नयाँ निर्माण एवमं मर्मत सम्भार गरी स्तरोन्नती गरिनेछ।

४) गाउँपालिका एवमं संघ र प्रदेश सरकारको साझेदारीमा यस गाउँपालिका भित्रका आवश्यक स्थानहरुमा झोलुङ्गे पूल निर्माणलाई उच्च प्राथमिकता दिई आगामी दुई बर्ष भित्रमा आवश्यक निर्माण गरिनेछ। साथै उक्त झोलुङ्गेपूलहरु मर्मत सम्भार कोष निर्माण गर्ने नीति लिईनेछ। साथै यस आ.ब.मा सम्झौता गर्न बाँकी झो.पु.लाई आगामी आ.ब.मा सम्झौता गरी निर्माण प्रकृया अगाडी बढाइने छ।

५) खण्डीकृत र टुक्रे जग्गाको कारणले कृषिमा आधुनिकिरण र यान्त्रीकरणमा समस्या भई व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्न कठिनाई भएकोले गाउँपालिका भित्र सम्भाव्य स्थानहरुमा प्रदेश सँगको सहलगानीमा कृषि सडक तथा जग्गा चक्लाबन्दी विकास कार्यक्रम सञ्चालन गरिने छ।

६) यस गाँउपालिकाको क्षेत्रगत विशेषताका आधारमा आवश्यक पुर्वाधार संचरनाहरु निर्माण गरी ग्रामिण क्षेत्रलाई आकर्षण केन्द्रको रूपमा विकास गर्दै बसाईसराईलाई नियन्त्रण गर्ने र बस्न योग्य बस्तीको रूपमा विकास गरिनेछ।

७) अन्नपूर्ण चक्रिय पैदल मार्गको संघ तथा प्रदेश सरकारको साझेदारीमा निर्माण कार्यलाई अगाडि बढाई पर्यटक आकर्षणमा जोड दिइनेछ।

८) गाउँपालिकाका विकास आयोजनाहरुमा अधिकतम जनसहभागिता गराउने नीति अवलम्बन गरिने छ।

९) यान्त्रिक पुलको सार्वजनिक निजी साझेदारीमा सम्भाव्यता अध्ययन गरी पूर्वाधार निर्माणको पकृया अगाडी बढाइने छ।

१०)झिनु तथा अन्य स्थानमा रहेको तातोपानी कुण्डलाई ब्यबस्थित गर्न पूर्वाधार निर्माण गर्ने प्रकृया अगाडी बढाइने छ।

११)अन्नपूर्ण गाउँपालिकाको सिमानामा प्रवेशद्वारहरु निर्माण गरिनेछ।

## ५. वन, वातावरण तथा विपद् व्यवस्थापन

१) **"हरियो बन नेपालको धन"** भन्ने मुल नारालाई आत्मसात गर्दै वन तथा वन्यजन्तुको संरक्षण र वन पैदावारको उपयोगलाई व्यवस्थित एवं आम उपभोक्ताहरुको हित हुने गरि सहज र ब्यवहारिक बनाउनका लागी संरक्षणकर्मी बिभिन्न संघ संस्थाहरु, सामुदायिक बन उपभोक्ता समितिहरु र स्थानीय उपभोक्ताहरु सँगको सहकार्यमा जोड दिइने छ।

२) सामुदायिक वन उपभोक्ता समिति, हरियो वन कार्यक्रम, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना लगाएतका संघ संस्थाहरुसँगको सहकार्यमा वन तथा वातावरणको संरक्षण र यसको सदुपयोगमा टेवा पुग्ने गरि जैविक विविधताको संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा गरीब र विपन्न वर्गको आय आर्जन एवं जिविकोपार्जनमा मद्दत पुग्ने खालका कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिईने छ । साथै यस गाउँपालिकाको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना अन्तर्गत पर्ने वडाहरुको हकमा प्राकृतिक श्रोत एवं वन पैदावरको उपयोग पुर्जी लिदा/दिदा संरक्षण क्षेत्र ब्यवस्थान समितिले संबन्धित वडा कार्यालयसँग अनिवार्य रुपमा समन्वय गर्नुपर्ने गरि ब्यवस्था मिलाईनेछ।

३) जल, जंगल, जैविक बिबिधता संरक्षण सम्बन्धि आवश्यक कानून निर्माण गरिनेछ।

४) पंचासे संरक्षण क्षेत्रमा भएका जडिवुटी, वन्यजन्तु लगायतको संरक्षण र प्रचार-प्रसार गरिनेछ।

५) विश्वकै प्रशिद्ध पर्यटकिय क्षेत्रको रुपमा रहेको अन्नपूर्ण आधार शिविरमा हुने हेलिकप्टर उडान र अवतरणका लागी हेलीप्याडको संख्या ज्यादै न्युन रहेकोले एयर ट्राफिकिङका कारण त्यस ठाउँमा हुनसक्ने ध्वनी प्रदुषण एवं हिमाली क्षेत्रमा पर्नजाने नकरात्मक वातावरणिय असरलाई न्युनिकरण गर्नका लागी र संरक्षित बन्यजन्तुमा पर्नजाने असरलाई समेत मध्येनजर गर्दै उक्त क्षेत्रमा आवस्यक संख्यामा वातावरणमैत्री हेलिप्याडको संख्या थप गर्दै लगिने छ।

६) अन्नपूर्ण गाउँपालिका वडा नं. ११ को भौगोलिक विकटता र पर्यटकिय गतिविधिलाई समेत मध्येनजर गरि हिमाली क्षेत्रमा सडक सञ्जाल विस्तार गर्दा हुनसक्ने बाढी पहिरोको जोखिम, बनजंगलको विनास र वातावरणीय असर कम गरि पर्यटन प्रवर्धन र वडा कार्यलयमा आवत जावत गर्ने सेवाग्राहीको सुविधामा समेत थप टेवा पुग्ने गरि उक्त वडाको कार्यालय रहेको स्थान उरी र ताउलुँ जोड्ने वातारण मैत्री यान्त्रिक पुल निर्माण कार्यका लागी आवस्यक प्रक्रिया अगाडी बढाईने छ।

७) जलवायु परिवर्तनका कारण अन्नपूर्ण आधार शिविर क्षेत्रमा अत्याधिक हिमपात एवं हिम पहिरो जस्ता घटनाका कारण पर्यटकहरुले भोग्न परिरहेको उच्च जोखिमको न्युनिकरण एवं ब्यवस्थापनका लागी जलवायु एवं मौसम सम्बन्धी पूर्व सुचना प्रणाली जडान गर्ने कार्यका लागी जल तथा मौसम बिज्ञान विभागसँगको समन्वयमा आवस्यक कार्यको थालनी गरिने छ।

८) वन पैदावारको अत्याधिक दोहन, अवैध रुपमा हुने फाँडनी र बेचविखन, वन डढेलो जस्ता हानीकारक गतिविधीलाई स्थानीय समुदाय, टोल विकास संस्था, सुरक्षा निकाय, नागरीक समाज तथा संचार माध्यम

लगाएत अन्य सरोकारवाला हरुसँगको समन्वय र सहकार्यमा रोकथाम तथा नियन्त्रण गरिनेछ। साथै भइरहेका बोट बिरूवा र बनजंगलको संरक्षण गर्दै आवस्यक ठाउँमा थप वृक्षारोपण कार्यक्रम सञ्चालन गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ।

९) गाउँपालिका अन्तर्गतका पुरातात्विक महत्वका मठ, मन्दिर, पाटी, पौवा, कुवा, चौतारी, पोखरी, विश्राम स्थलहरू र त्यसको महत्वसँग जोडिएका रूख विरूवाहरूको संरक्षण गर्दै यस्ता स्थानहरूमा वर, पिपल, समी जस्ता विरूवाहरू रोप्नुका साथै सडक वरीपरी एवं अन्य जोखिमयुक्त स्थानहरुमा हुनसक्ने भूक्षय/पहिरोको नियन्त्रण गर्न र पार्क, विद्यालय, स्वास्थ्य चौकी, विश्रामस्थल लगाएतका सार्वजनिक स्थानहरूको शौन्दर्यीकरण सहित पर्यावरणीय सन्तुलन कायम राख्नका लागी हरियाली प्रवर्धन कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

१०)गाउँपालिका भित्र हुने सबै खालका बिकास निर्माणका कार्यहरु गर्दा वातावरणीय पक्षलाई बिशेष ध्यान दिइनेछ। साथै फेवाताल जलाधार क्षेत्रको तल्लो तट र उपल्लो तट बीचको बातावरणीय सन्तुलन कायम राख्दै फेवातालको संरक्षण र प्रवर्धनमा टेवा पुग्ने खालका कार्यहरु गर्नका लागी फेवाताल जलाधार संरक्षण समिति, पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र संघीय सरकारसँग समन्वय एवं सहकार्यको प्रयास गरिनेछ।

११)गाउँपालिका भित्र प्रयोगबिहिन अबस्थामा रहेका ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोतको उच्चतम प्रयोगका लागि IEE, EIA जस्ता वातावरणिय प्रभाव मुल्याङ्कन लगायतका कानुनी प्रकृया पुरा गरी पूर्ण उपयोग गर्ने नीति लिइनेछ।

१२)गाउँपालिकालाई स्वच्छ, सफा एवं वातावरण मैत्री बनाउनका लागी **'polluter pays' (जसले फोहोर गर्छ उसैले कर तिर्छ)** नीति अबलम्बलन गरिने छ। स्थानीय टोल विकास संस्था र गैर सरकारी संस्थाहरुको समेत परिचालन गरी **"अन्नपूर्ण गाउँपालिका सफा सुन्दर र हराभरा"** अभियानलाई प्रभावकारी बनाइने छ। घरेलु फोहर मैला व्यवस्थापनका लागि चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ।

१३)गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने वा यस गाउँपालिका क्षेत्र भएर गुड्ने हरेक चारपांग्रे सवारीमा अनिवार्य रुपमा डष्टविनको व्यवस्था गर्न लगाइने छ। पोखरा-बाग्लुङ राजमार्गमा गुड्ने सवारी साधनबाट यात्रुहरुले कुनैपनि प्रकारको फोहोर सडक किनारामा फाल्ने कुरालाई पूर्णतः निषेध गरिने छ भने सडकको शुरु तथा अन्तिम विन्दु एवं अन्य महत्वपूर्ण स्थानहरुमा जानकारीमुलक होडिङ बोडको व्यवस्था गरिने छ।

१४)मानिसहरु बढि आवतजावत हुने स्थानहरुमा र सडकको किनारामा हुने खुल्ला दिसा पिसाव अन्त्यका लागि उपयुक्त स्थानमा सवारी रोक्न लगाउने तथा सार्वजनिक शौचालयको निर्माण र प्रयोगमा ध्यान दिइनेछ भने फोहोर मैलाको उचित ब्यवस्थापनका लागी आवस्यक स्थानहरुमा इन्सिनेटर निर्माण गर्ने कार्यलाई अगाडी बढाइनेछ। साथै सरोकारवाला हरुसँगको समन्वय र सहकार्यमा प्लास्टिकजन्य सामग्रीहरुको उपयोगलाई निरुत्साहित गर्दै जाने निति लिइनेछ।

१५)हरेक घर, पसल, होटल व्यवसायबाट निस्कने फोहरलाई कुहिने र नकुहिने फोहर भनी उत्पादन स्थलमै छुट्याउने व्यवस्था मिलाईने छ। बिशेष गरि गाउँपालिका भित्रका शहरोन्मुख एवं बजार क्षेत्रहरुको ठोस फोहर व्यबस्थापनका लागी ल्यान्डफिल्ड साइडको उचित प्रबन्ध गर्न र साइड मै कम्पोष्ट च्याम्बर, Recycle Center को स्थापना गरी संचालनमा ल्याउनका लागी स्थानिय साझेदारहरु र निजी क्षेत्रसँगको साझेदारीमा बिशेष पहल गरिनेछ।

१६)कोभिड १९ लगायतका महामारीजन्य रोगहरूबाट सुरक्षित रहन जनप्रतिनिधि, कर्मचारी स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शिक्षक परिचालन गर्दै सचेतनाका कार्यक्रमहरू सञ्चालन गरी सावधानीका उपायहरू

अबलम्वन गरिनेछ । हिमाल तथा पहाडी क्षेत्रमा जलवायु परिवर्तनको असर न्युनीकरण गर्न सरोकारवालासँगको सहकार्यमा कुवा, पोखरी एवं जलाधार क्षेत्रको संरक्षण र भू-संरक्षणमा जोड दिईनेछ साथै जल जंगल र जैविक विविधता संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण गरिनेछ।

१७)बिपद ब्यबस्थापन कोषमा पर्याप्त बजेटको व्यवस्था गरी विपद प्रतिकार्यका पूर्वतयारी, खोज, उद्दार, राहत र पुर्नस्थापना गरिनेछ भने तत्काल उद्दार र राहतका लागी विपद ब्यवस्थापन कोषमा वडा समितिहरुको पहुँचलाई विशेष ध्यान दिइनेछ।

१८)रोग पछिको उपचार र बिपद पश्चात गरिने उद्दार भन्दा सचेतना र सावधानी लाई बढी महत्व दिई सो अनुरूपका कार्यक्रमहरू गरिनेछ। गाउँपालिकाको विपद व्यवस्थापन तयारी तथा प्रतिकार्य योजना निर्माण गरिनेछ।

१९)विपद पछिको तत्काल उद्दार र ब्यवस्थापनका लागी प्रत्येक वडाहरुमा स्वयंसेवक उद्दारकर्मीहरुको ब्यवस्था गरि निजहरुलाई संबन्धित निकायहरुसँको सहकार्यमा खोज उद्दार संबन्धि तालिम प्रदान गर्ने र तत्काल उद्दार र ब्यवस्थापनका लागी आवस्यक पर्ने आधारभुत उद्दार सामग्री एवं तारजाली र खानेपानी पाइप वडास्तरमा समेत भण्डारण र वितरण गर्ने ब्यवस्था मिलाउने कुरालाई प्राथमिकता दिइनेछ।

२०) फेवा जलाधार क्षेत्र संरक्षणको लागि तल्लो तटीय क्षेत्र र गा.पा.को साझेदारीमा कार्यक्रम संचालन गरिनेछ

**भुमि सम्वन्धी**

१) भू–उपयोगको नीति अवलम्बन गरी जमिनको माटो परिक्षण गरी उचाई अनुसारको सम्भावना भएको कृषि उत्पादनका लागि उर्वर भूमिको उपयोगमा जोड दिइनेछ। साथै उर्वरशील समथर भूभागमा वस्ती विकासमा रोक लगाई सिंचाइको व्यवस्था गरी जमिनलाई अधिकतम उपभोगमा ल्याइने छ।

२) बाँझो जमिनको तथ्याङ्क संकलन गरी कृषि, बन सँग सम्बन्धित खेती सञ्चालन गर्नलाई प्रोत्साहन गरिनेछ।

३) जग्गा बाँझो राख्ने जग्गाधनी र उपयोगका लागि व्यक्ति, सहकारी, संघ संस्थाबीच भाडा, समयावधि र सम्झौताका लागि समन्वयकारी भुमिका निर्वाह गर्न आवश्यक सहजीकरण गरिनेछ। अटेर गरी जमिन बाँझो राखीरहनेहरुको तथ्याङ्क संकलन गरी जरिवाना लगाइनेछ।

४) सार्वजनिक जग्गाहरुको पहिचान, लगत संकलन, संरक्षण र उपयोगको नीति लिइनेछ।

५) अन्नपूर्ण गाउँपालिका भित्र रहेका जमिनहरुको हाल साविक प्रकृयालाई अगाडि वढाई उक्त प्रकृयाको लागी लागत साझेदारीका लागी प्रदेश सरकार संग समन्वय गरिनेछ।

६) गाउँपालिकाको सिमा सिमांकनको लागि छिमेकी पालिकासंग समन्वय गरिनेछ।

**अन्त्यमा, यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनुहुने जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, समाजसेवी, बुद्धिजिवी, शिक्षक र जनसमुदायहरु प्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु धन्यबाद, नमस्कार।**

**विष्णु बहादुर के.सी.**
**अध्यक्ष**
**अन्नपूर्ण गाउँपालिका, कास्की**

मितिः २०८०/०३/०८